महिलालाई नेतृत्वमा पुग्न धेरै चुनौती छन्: परराष्ट्रमन्त्री डा राणा | पृष्ठ ५ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २६ • अंक १२६ • २०८१ साल आश्विन ६ गते आइतबार (22 September, Sunday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## मधेश प्रदेशमा गठबन्धनमाथि संकट

# मुख्यमन्त्रीको हस्तक्षेपले कांग्रेस असन्तुष्ट, राउतको प्रहार

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा सत्तारुढ गठबन्धन संकटमा पर्न थालेको छ । सत्ता साझेदार नेपाली कांग्रेससित जनमत पार्टीले गरेको सहमति कार्यान्वयन गर्न रुचि नदेखाएपछि विवाद गहिरिएको छ।

जनमत पार्टीका सांसद सतीशकुमार सिंहको नेतृत्वमा बनेको गठबन्धनमा नेकपा एमाले, नेपाली कांग्रेस र लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा) नेपालको सहभागिता छ । तर कांग्रेसको भागमा रहेको मन्त्रालयहरुमा मुख्यमन्त्री सिंहले निरन्तर हस्तक्षेप गरिरहेको बताइन्छ।



सहमति कार्यान्वयनमा मुख्यमन्त्री सिंहले चासो नदेखाएको र मन्त्रालयमा समेत हस्तक्षेप गरी काममा अवरोध गरेको आरोप कांग्रेसका नेताहरुले लगाएका छन् । जनमत पार्टीको क्रियाकलापले सत्ता गठबन्धन संकटमा पर्न थालेको उनीहरु बताउँछन् । सरकारमा एमाले र कांग्रेसको भागमा महत्वपूर्ण मन्त्रालयहरु रहेका छन् ।

कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवले सत्ता गठबन्धनको बखत जनमत पार्टीसित भएको सहमति र सम्झौताहरु कार्यान्वयन गर्न मुख्यमन्त्री उदासीन देखिएको आरोप लगाएका छन् । 'कांग्रेसको भागमा रहेका मन्त्रालयहरुमा मुख्यमन्त्रीले नांगो हस्तक्षेप गरिरहेका छन्' उनले भने, कांग्रेसले आफ्नै मन्त्रालयमा समेत काम गर्न पाइरहेको छैन ।

गठबन्धनको धर्म निर्वाहबाट जनमत पार्टी विमुख देखिएकोले सत्तासाझेदारीलाई निरन्तरता दिने , नदिने विषयमा पार्टी भित्र छलफल सुरु भएको नेता यादवले बताए । 'जनमत पार्टी र मुख्यमन्त्रीको भूमिकाको विषयमा हामी आन्तरिक छलफल गरिरहेका छौं' उनले भने, यस सम्बन्धमा शीर्ष नेतालाई जानकारी गराइने छ ।

कांग्रेसको भागमा ४ वटा मन्त्रालय छन् । अर्थ मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, उर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय र श्रम तथा यातायात मन्त्रालय रहेको छ ।

कांग्रेसका मन्त्रीहरु समेत मुख्यमन्त्रीसित असन्तुष्ट रहेको बताइन्छ । तर मुख्यमन्त्री सिंहले भने सरकारमा असन्तुष्टि बारे अनभिज्ञता प्रकट गरे । 'सरकारले गर्ने सबै निर्णयको विषयमा कैबिनेट बैठक पूर्व सबै दलसित व्यापक छलफल गरिन्छ' उनले भने, त्यसपछि कैबिनेटमा पनि छलफल गरी सहमतिबाट नै सबै निर्णय हुने गरेको छ ।

मधेश प्रदेशमा सत्ता गठबन्धनमा रहेको जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले संघीय सत्तासाझेदार नेपाली कांग्रेस र नेकपा एमालेमाथि निरन्तर प्रहार गरिरहेका छन् । प्रतिनिधि सभाको उपसभामुखलाई हटाउने प्रकरणमा राउतले कांग्रेस र एमालेको खुल्ला विरोध गरेका थिए । संविधान संशोधनको सवालमा पनि राउतले कांग्रेस र एमालेको भूमिकामाथि प्रश्न उठाउँदै साथ नदिने संकेत दिइसकेका छन् ।

राउतको गतिविधिबाट प्रधानमन्त्री समेत रहेका एमालेका अध्यक्ष केपी शर्मा ओली पनि असन्तुष्ट भएको बताइन्छ । उनले नै राउतसित सम्झौता गरी राजनीतिक मूलधारमा ल्याएका थिए । मधेशमा जनता समाजवादी पार्टी(जसपा)नेपालको विकल्पको रुपमा एमालेले राउतलाई सघाएको आरोप लाग्दै आएको छ । तर पछिल्लो समयमा राउतले कांग्रेस र एमालेसित अलग्गिन एजेण्डा खोजिरहेको बताइन्छ ।

MIT
BBA
Affiliated to FWU
(Far Western University)



LAST DATE OF FORM SUBMISSION
असोज ४ गते सम्म
ENTRANCE DATE
असोज ७ गते बिहान ११ बजे
JANAKPURDHAM-4, BISHARACHOWK, DHANUSHA
CONTACT US 041-425035, 041-426377, 9801670856, 9801670861




Janakpurdham - 041-527426, Lahan - 033-565201, Malangwa - 046-521711, Kalaiya - 053-590896, Bardibas - 044-550552, Gaushala - 9804827836, Dhanushadham - 9810171163, Jeetpur Bara - 9862245185, Garuda - 055-590031, Rajbiraj - 031-533542, Birganj - 9829233919, Mirchaiya - 9852834320, Jaleshwor - 9819867561, Mahendranagar - 9819855316, Chandranighapur - 9827652000, Gaur - 9855044002

For Dealership Enquiry
9802375609

5 YEAR WARRANTY *Conditions apply.

# मधेश प्रदेशमा गल्फ मैदान

टुडे समाचारदाता

बर्दिबास । मधेश प्रदेशमा गल्फ खेलका लागि मैदान (कोर्स) तयार भएको छ । नेपाली सेनाको अग्रसरतामा सो मैदान बनाएको छ।

बर्दिबासस्थित नेपाली सेनाको मध्यपूर्वी पृतना परिसरमा निर्मित मैदानको प्रधानसेनापति अशोकराज सिग्देलले शनिबार आयोजित एक कार्यक्रममा उद्घाटन गरेका थिए । सो अवसरमा आयोजित गैरव्यावसायिक प्रतियोगितामा ७० जनाले प्रतिस्पर्धा गरेका थिए ।



सो उद्घाटन समारोहमा मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह, उद्योग वाणिज्य तथा पर्यटनमन्त्री सकिल अलि मियाँसहित उच्च पदस्थ अधिकारीको सहभागिता थियो । प्रतियोगिताका विजयी खेलाडीलाई मुख्यमन्त्री सिंह, मन्त्री मियाँ र प्रधानसेनापति सिग्देलले पदक प्रदान गरे ।

# सुरुंग बनाइ चोरी गर्ने एकजना पक्राउ

टुडे समाचारदाता

वीरगञ्ज।रौतहटमा एकजनाले सुरुंग बनाएर चोरी गर्नेएकयुवकलाई प्रहरीले पक्राउ गरेको छ।



दुई महिना अघि घरमा सुरुङ बनाएर चोरी गरेको आरोपमा रौतहटबाट एक युवक पक्राउ परेको प्रहरीले जनाएको छ । असार २४ गते राति जिल्लको दुर्गा भगवती गाउँपालिका-५ स्थित बडहर्वा टोलका ३ जनाको घरमा सुरुंग बनाएर चोरी गर्ने ग्याङ्का एकजनालाइ रौतहट प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा जिल्लाको गरुडा नगरपालिका वडा नम्बर ९ बिर्ति श्रीपुरका ३० वर्षीय जिआउल हक रहेका छन् । उनी नेतृत्वको समूहले गाउँपालिका-५ स्थित बडहर्वा टोल निवासी चन्देश्वर दास तत्मा, लक्ष्मी दास र रामनारायण साहको घरमा चोरी गरेका थिए ।

सो समूहले सुरुंग बनाइ घरमा रहेका गरगहना, लत्ताकपडा, नगद तथा मोबाइल लगायतका सामानहरु चोरी गरेको प्रहरी नायब उपरीक्षक एलिजा गिरीले जानकारी दिइन् ।

त्यसपछि सो घटनापश्चात् प्रहरीले गरेको सूक्ष्म अनुसन्धानका क्रममा चोरीमा जिआउलको संलग्नता भएको पाइएपछि उनलाई पक्राउ गरिएको उनले बताइन् । उनलाई बडहर्वा पुल नजिक घुम्दै गरेको अवस्थाबाट पक्राउ गरेको प्रहरी नायब उपरीक्षक गिरीको भनाइ छ ।

पक्राउ परेका हकमाथि चोरी सम्बन्धी कसुरमा मुद्दा दर्ता गरी आवश्यक अनुसन्धान प्रक्रिया अगाडि बढाइएको छ। घटनामा संलग्न अन्यको भने खोजी कार्य भइरहेको उनले बताइन् ।

# अवैध रुपमा चौपाया भारत लगेको आरोपमा तीन पक्राउ



टुडे समाचारदाता

रौतहट । अवैध रुपमा पशुचौपाया भारततर्फ लैजान लागेको आरोपमा तीन जना पक्राउ परेका छन् ।

भारततर्फ गाई, गोरु लैजान लागेको आरोपमा रौतहट प्रहरीले शुक्रबार तीन जनालाई पक्राउ गरेको छ । उनीहरुलाई पशुसहित प्रहरीले पक्राउ गरेको छ भने पशुधनी फरार छन् ।

जिल्लाको ईशनाथ नगरपालिका-१ स्थित लालबकैया नदीको बाँधबाट प्रहरीको गस्ती टोलीले यमुनाईमाई-३ स्थित मलहिनाका महम्मद गुफरान, ओहिद अन्सारी र मोहम्मद सम्सादलाई गाई, गोरु र बाछोसहित पक्राउ गरेको जिल्ला प्रहरीका डीएसपी एलिजा गिरीले जानकारी दिइन् । उनीहरुले अवैध रुपमा २ वटा गोरु, ४ वटा गाई र ३ वटा बाछो भारततर्फ लैजान लागेको अवस्थामा प्रहरीले लालबकैया नदीकोबाँधबाटनियन्त्रणमालिएको जनाइएको छ ।

पक्राउ परेका तीनै जनालाई कारबाहीको लागि गौर भन्सार कार्यालय बुझाएको प्रहरी नायब उपरीक्षक गिरीले बताइन् ।

# अवैध काठसहित एक जना पक्राउ

टुडे समाचारदाता

जनकपुधाम। धनुषामा अवैध काठसहित एक जना तस्करीको आरोपमा पक्राउ परेका छन् ।



धनुषाको मिथिला नगरपालिका-५ स्थित जगधर खोला वन क्षेत्रबाट तस्करीका काठसहित एक जनालाई वन कर्मचारीले पक्राउ गरेको छ। सब डिभिजन वन कार्यालय पुष्पवलपुरबाट खटिएको वन कार्यालयका कर्मचारीले शुक्रबार राति ३४ थान सालको गोलिया, १० थान साइकलसहित एकजना मानिसलाई पक्राउ गरेको छ।

सब डिभिजन वन कार्यालय पुष्पवलपुरका वन अधिकृत रामयुगल साहले जानकारी दिएको अनुसार जंगलबाट तस्करले काठ तस्करी गरी ल्याइरहेको अवस्थामा धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-९ स्थित इच्छापुरका रमेश महतोसहित सो काठ तथा साइकल बरामद गरिएको बताए । वन क्षेत्रबाट अवैधरुपमा काठ तस्करी भइरहेको सूचनाको आधारमा नियन्त्रण गर्न खटिएको वन गस्ती टोलीलाई देखेर अन्य काठ तस्कर भने फरार भएको उनले जानकारी दिए।

सो बरामद भएको काठ तथा साइकल पुष्पवलपुर सब डिभिजन वन कार्यालयमा ल्याएर राखिएको छ भने पक्राउ परेका महतोमाथि आवश्यक कारबाहीका लागि प्रक्रिया अगाडि बढाइएको वन अधिकृत साहले बताए।

# संस्थाद्वारा जितिया पर्व मनाइयो

टुडे समाचारदाता

जनकपुरधाम।जनकपुरधाममा निजी सहकारी संस्थाले जितिया पर्व मनाएको छ।



जनकपुरधामा शनिबार वैष्णवी बचत तथा ऋण सहकारी संस्था लिमिटेड जनकपुरको आयोजनामा जितिया महोत्सव २०८१ मनाएको छ।

जितिया पर्व बनाउँदै संस्थाका अध्यक्ष संस्थाका उपाध्यक्ष महेश्वर यादवले आमाले आफ्नो सन्तानको दीर्घायुको लागि लामो समयसम्म निरहार रही जितिया पर्व मनाइने गरिन्छ । जितिया पर्वको पुर्वसन्ध्यामा मनाइएको जितिया पर्व कार्यक्रममको विशिष्ट अतिथि राष्ट्रिय सहकारी बैंक मधेश प्रदेश प्रमुख विष्णुप्रसाद पराजुली, सेयर सदस्य बजार प्रतिनिधि कर्मचारीहरुको समेत सहभागिता रहेको थियो ।

# प्रादेशिक अस्पतालको निर्देशकमा डा. सिंह नियुक्त

टुडे समाचारदाता

जनकपुरधाम । प्रादेशिक अस्पताल जनकपुरकोनिर्देशकमा डा. जामुनप्रसाद सिंहलाई नियुक्त गरिएको छ।



मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत रहेको प्रादेशिक अस्पतालमा डा. सिंहलाई शुक्रबार साँझ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मधेश प्रदेशले नियुक्त गरेको छ । वरिष्ठ बालरोग विशेषज्ञ रहेका डा. सिंह विगत दश वर्षदेखि अस्पतालमा कार्यरत छन् । यसअघि रहेका निर्देशक डा. रामनरेश पण्डितको सरुवा हुँदा डेढ महिनादेखि सो पद रिक्त थियो ।

डा. सिंह वरिष्ठ कन्सलटेन्ट प्रियाडटिक दशौं तहका मधेश सरकारका कर्मचारी हुन् भने उनी निजी अस्पताल संचालकसमेत छन् ।

# एमसिसी प्रसारण लाइन निर्माण: मुआब्जा वितरण प्रक्रिया सुरु

काठमाण्डु। मिलेनियम च्यालेञ्ज एकाउन्ट नेपाल विकास समिति (एमसिए नेपाल)मार्फत निर्माण हुन लागेको सवस्टेशनअन्तर्गत विद्युत् प्रसारण लाइनको टावर निर्माणका लागि आवश्यकपर्ने तनहुँका विभिन्न ठाउँको जग्गाको मुआब्जा वितरण प्रक्रिया सुरु गरिएको छ।




एमसिए नेपालद्वारा सञ्चालित ४०० केभी विद्युत् प्रसारण आयोजनाअन्तर्गत रातमाटे सवस्टेसनदेखि दमौली सवस्टेशन हुँदै नयाँ बुटवल सबस्टेन खण्डअन्तर्गत विद्युत् प्रसारण लाइनको टावर निर्माणका लागि आवश्यकपर्ने जग्गाको मुआब्जा वितरण प्रक्रिया सुरु गरिएको हो जिल्ला प्रशासन कार्यालयले असोज १ गते सूचना प्रकाशितगरी मुआब्जा प्राप्त गर्ने जग्गाधनीहरुले हकदैया भोगचलनसम्बन्धी प्रमाणसहित सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र प्रशासन कार्यालय वा एमसिए नेपालको तनहुँ जिल्लास्थित सम्पर्क कार्यालय वा आयोजनाको सार्वजनिक सूचना केन्द्रमा निवेदन दिन आग्रह गरेको छ।

सूचनामा चित्त नबुझ्ने व्यक्तिले जग्गा प्राप्ति ऐन, २०३४ को दफा १८ को उपदफा (२) बमोजिम १५ दिनभित्र गृहमन्त्रालयमा उजुरी गर्नसक्ने सहायक प्रमुख जिल्ला अधिकारी कमलराज भण्डारीले जानकारी दिनुभयो। प्रशासन कार्यालयमा मूल्य निर्धारण समितिको गत बुधबार बसेको बैठकले प्रसारण लाइनअन्तर्गत टावरहरु रहने जग्गाको अन्तिम मूल्य निर्धारण गरेको थियो। प्रभावित क्षेत्रका स्थानीय तहका प्रमुखहरुको उपस्थितिमा बसेको बैठकले तनहुँ जिल्लाभित्र निर्माण हुने सबै टावर रहने जग्गाको उचित मूल्य निर्धारण गरेको सहायक प्रजिअ भण्डारीले बताउनुभयो।

जिल्लास्थित आबुँखैरेनी गाउँपालिका, बन्दीपुर गाउँपालिका, व्यास नगरपालिका, ऋषिङ गाउँपालिका र घिरिङ गाउँपालिकाअन्तर्गत करिब एक सय ९९ वटा टावर निर्माण हुनेछन्। तीमध्ये कतिपय टावर सरकारी जग्गामा पर्ने र कतिपय विवादित जग्गामा पर्ने हुँदा ती टावरलाई छोडेर बाँकी रहेको टावर रहने जग्गाको मूल्य निर्धारण गरिएको सहायक प्रजिअ भण्डारीको भनाइ छ।

मूल्य निर्धारण समितिले जग्गाको मूल्य निर्धारण गर्नुअघि स्थलगत रुपमा जग्गाको निरीक्षण गरेको र धैरैपटक छलफल गरिएको जनाएको छ। जग्गाको वर्गीकरणअनुसार मुआब्जा निर्धारण गरिएको भन्दै सहायक प्रजिअ भण्डारीले मालपोत कार्यालयले तोकेको मूल्याङ्कन, सम्बन्धित वडा कार्यालयको चलन चल्तीको मूल्य, बैंक तथा वित्तीय संस्थाले तोकेको मूल्य, बाटोको दूरी तथा जङ्गल क्षेत्रको आधारमा जग्गाको मूल्याङ्कन गरिएको बताउनुभयो।

मिलिनियम च्यालेञ्ज कर्पोरेसन (एमसिसी) नेपाल कम्प्याक्टअन्तर्गत निर्माण हुने रातमाटे, न्यू दमौली, लेखनाथ र न्यू बुटवल सवस्टेशनमा विद्युत् प्रवाहका लागि विद्युत् प्रसारण आयोजनाअन्तर्गत काठमाडौंको लप्सीफेदीदेखि नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)स्थित नेपाल-भारत सीमानासम्म तीन सय १५ किलोमिटर प्रसारण लाइन निर्माण गर्न लगानी हुनेछ।रासस

# 'सहकारी ठगी प्रकरणका दोषीलाई कारबाही गर्न सहयोग गरौं'

काठमाण्डु। विभिन्न राजनीतिक दलका नेताहरूले सहकारी ठगी प्रकरणका दोषीलाई कारबाही गर्नुपर्नेमा जोड दिएका छन्। शनिबार आयोजित साक्षात्कारमा नेताहरूले सहकारी प्रकरणमा संलग्न जो कोहीलाई कानुनबमोजिम कारबाही गर्नुपर्नेमा जोड दिएका हुन् । संसदीय विशेष छानबिन समितिले कारबाहीका लागि सिफारिस गरेअनुसारका व्यक्तिलाई जोगाउनेभन्दा पनि कारबाहीका लागि सहयोग गर्नुपर्ने उहाँहरूको भनाइ छ।



नेपाली कांग्रेसका नेता तथा पूर्वरक्षामन्त्री भीमसेनदास प्रधानले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति, पूर्वउपप्रधान तथा गृहमन्त्री रवि लामिछानेलाई कारबाही सिफारिस गरिएकाले सोहीअनुसार कार्यान्वयन हुनुपर्ने बताउनुभयो । संसदीय समितिको प्रतिवेदनले धेरै कुरा प्रष्ट पारिसकेकाले अब सभापति लामिछाने र उहाँ पक्षधरले गलत कुराको वकालत गर्न जरुरी नरहेको प्रधानको भनाइ छ। “लामिछानेका बारेमा प्रतिवेदनले स्पष्ट रूपमा कारबाही सिफारिस गरेको छ । अब पनि गलत कार्यको प्रतिरक्षा गर्नु राम्रो होइन । हाम्रो पार्टीका उपसभापति धनराज गुरुङमाथि पनि सहकारी ठगी प्रकरणमा अनुसन्धान सुरु गर्नुपर्ने समितिको सिफारिस छ, त्यसैले उहाँले अनुसन्धानमा सहयोगका लागि तत्काल पार्टी र संसद्को जिम्मेवारीबाट अलग रहनुपर्छ”, उहाँले भन्नुभयो । साक्षात्कारमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) नेता तथा पूर्वमन्त्री शेरबहादुर तामाङले प्रतिवेदनले प्रष्ट पारिसक्दा पनि कतिपयले सत्यलाई छोप्ने प्रयास गरेको भन्दै आलोचना गर्नुभयो। उहाँले भन्नुभयो, “सहकारी छानबिन समितिले प्रतिवेदन सार्वजनिक गरिसकेको छ, कतिपयले त्यसमा नभएका कुरालाई पनि अतिरञ्जित गर्न थालेका छन् । रासस


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथुन | : प्रतिभा सम्पन्नता । |
| कर्कट | : शिक्षामा उन्नति । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : धन वृद्धि सञ्चय । |
| तुला | : प्रेम प्रसंग, मित्र सुख । |
| बृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : भ्रमण अवसर हुने । |
| मकर | : अवसर प्राप्त । |
| कुम्भ | : वाद विवादबाट बच्नु । |
| मीन | : पुरस्कार प्राप्त लाभ । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



दशैं नजिकिँदै गर्दा महोत्तरीको सदरमुकाम जलेश्वर नगरपालिकाको वडा नं २ मा दुर्गा पूजा गर्नका लागि पण्डाल निर्माण गरिँदै। *तस्विरः रासस*

# माओवादी घटकलाई एकताको प्रक्रियामा आउन अध्यक्ष दाहालको आग्रह

काठमाण्डु । नेकपा(माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले माओवादी आन्दोलनकारी शक्तिलाई एकताको प्रक्रियामा आउन पुनः आह्वान गर्नुभएको छ ।



"सबै माओवादी एक ठाँउमा केन्द्रीत भएर अगाडि जानुको विकल्प छैन, सबैको मर्म एउटै छ, त्यसकारण पनि एक ठाँउमा आउनुको विकल्प छैन", शहिद प्रतिष्ठान नेपालको १५ औं वार्षिक साधारणसभालाई पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा सम्बोधन गर्दै उहाँले भन्नुभयो, "ढिलो नगरी हामी सबै एकताबद्ध होऔं, हामीले सबै मोर्चा जित्न सक्छौ ।"

आफ्नो नेतृत्वको सरकारले ' जनयुद्ध' का शहिदलाई राष्ट्रिय शहिदको मान्यता दिएको र जनयुद्ध दिवसलाई राष्ट्रिय दिवसका रुपमा मनाउने निर्णय गरेको समेत उहाँले स्मरण गर्नुभयो । सरकारमा रहँदा जनयुद्धका शहिद, बेपत्ता र घाइतेका पक्षमा दूरगामी निर्णय गरेको उल्लेख गर्दै उहाँले विगतमा भएका निर्णय कार्यान्वयन गराउन सबैले दबाव दिनु आजको आवश्यकता भएको बताउनुभयो । "हाम्रा हजारौ शहिद नै हाम्रा शक्ति हुन्, उनीहरुको सपना पूरा गराउन लाग्नु आजको हाम्रो प्रमुख कार्यभार हो, हामी एकीकृत र केन्द्रीकृत हुने बित्तिकै हाम्रो शक्ति थप मजबूत हुन्छ, ढिलो नगरी छिट्टै एकताबद्ध भएर ठाँउमा केन्द्रीतकृत होऔं", अध्यक्ष दाहालले भन्नुभयो ।

उहाँले ठूलो प्रयासपछि संक्रमणकालीन न्यायसँग सम्बन्धित विधेयक संघीय संसद्मा पारित भई राष्ट्रपतिबाट स्वीकृतसमेत भइसकेको स्पष्ट पार्दै अब आयोग गठनको प्रक्रिया अगाडि बढेको बताउनुभयो । आयोगमा उपयुक्त व्यक्ति छनोटका लागि दबाव दिनु आवश्यक रहेको अध्यक्ष दाहालको भनाइ छ ।विस्तृत शान्ति सम्झौता, विगतमा भएका अन्य सहमति तथा सम्झौताका आधारमा पनि माओवादी एउटा पक्ष भएकाले कोही कसैले पनि बाहेक गर्न नसक्ने उहाँको कथन छ । संघीय संसद्मा आफ्नो पार्टीको सिट सङ्ख्या कम भएको भनेर हिनताबोध नगर्न र कमजोर महशुस नगर्न अध्यक्ष दाहालले सबैलाई आग्रह गर्नुभयो ।

उहाँले प्रतिष्ठान मातहत हाल देशभर पाँच विद्यालय सञ्चालनमा रहेको र त्यसलाई थप विस्तार गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । यस्तै उहाँले प्रतिष्ठान मातहतमा रहेर कृषि, उद्योग तथा अन्य उत्पादनमूलक काम गर्नेतर्फ पनि आवश्यक पहल गर्न आग्रह गर्नुभयो ।माओवादी घटकबीचको साझा संस्थाका रुपमा रहेको प्रतिष्ठानलाई थप विस्तार गरेर जनताको पक्षमा काम गर्ने वातावरण बनाउनुपर्ने अध्यक्ष दाहालको जोड थियो ।रासस

# ढाका, ब्याङ्कक, जेनेभा र ब्राजिलियामा मनाइयो संविधान दिवस

काठमाण्डु । विश्वका विभिन्न मुलुकका राजधानीस्थित नेपाली नियोगमा संविधान दिवसका अवसरमा विविध कार्यक्रम आयोजना गरिएका समाचार शनिबार पनि प्राप्त भएका छन् । राष्ट्रिय दिवसका अवसरमा शुक्रबार ढाका, ब्याङ्कक, जेनेभा र ब्रासिलियास्थित नेपाली नियोगमा विविध कार्यक्रम आयोजना गरिएका ती नियोगले बेग्लाबेग्लै प्रेस विज्ञप्ति निकालेर जनाएका छन् ।



ढाकास्थित नेपाली राजदूत घनश्याम भण्डारी, थाइल्याण्डका लागि नेपाली राजदूत धनबहादुर ओली, जेनेभास्थित संयुक्त राष्ट्रसङ्घ तथा अन्य अन्तरराष्ट्रिय सङ्गठनहरूका लागि नेपालका स्थायी प्रतिनिधि रामप्रसाद सुवेदी र ब्राजिलका लागि नेपालका राजदूत निर्मलराज काफ्लेले आतिथेय मुलुकका उच्च पदस्थ अधिकारी, नेपालका मित्र, कामको सिलसिलामा त्यहाँ रहेका नेपाली, गैरआवासीय नेपाली तथा त्यहाँ सेवारत विभिन्न देशका कूटनीतिकज्ञको उपस्थितिमा स्वागत समारोह आयोजना गर्नुभएको थियो ।

राजदूत भण्डारी, ओली, सुवेदी र काफ्लेले संविधान दिवसको महत्वबारे चर्चा गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको आर्थिक-सामाजिक उन्नयनका निम्ति प्रवासी नेपालीले पनि सक्दो योगदान गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

उहाँहरूले विदेशमा सिकेको सीप स्वदेशमा उपयोग गर्नुपर्ने तथा ज्ञान र प्रविधि हस्तान्तरणमा सघाउन आह्वान गर्नुभएको थियो ।रासस

# अध्यक्ष लिङ्देनको नेतृत्वको प्रतिनिधिमण्डल बेलायत प्रस्थान

काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनको नेतृत्वको प्रतिनिधिमण्डल गएराति बेलायत प्रस्थान गरेको छ ।

पार्टी सम्बद्ध प्रवासी नेपाली एकता समाज (पानस)को कार्यक्रममा सहभागी हुन उहाँहरु बेलायत प्रस्थान गर्नुभएको हो ।

प्रतिनिधिमण्डलमा पार्टी प्रमुख सचेतक ज्ञानेन्द्र शाही, प्रवास विभाग प्रमुख आनन्द अधिकारी, केन्द्रीय सदस्य हिक्मतजङ्ग कार्की र अध्यक्ष लिङ्देनका श्रीमती सिता थापा हुनुहुन्छ ।

पानसको आयोजनामा यही असोज ७ र ८ गते लण्डन र स्कटल्याण्डमा हुने कार्यक्रममा उहाँहरु सहभागी हुनुहुनेछ । साथै प्रतिनिधिमण्डलले त्यहाँस्थित उच्च तहका नेताहरुसँग भेटघाट तथा नेपाली समुदायसँग छलफल गर्ने जनाइएको छ । पार्टीका नेता राजाराम श्रेष्ठका अनुसार यही असोज १० गते भ्रमण टोली स्वदेश फिर्ता हुने तालिका छ ।रासस

# पितृपक्षमा पुरोहितलाई भ्याइनभ्याइ

महोत्तरी । महोत्तरीको बर्दिबास-२ का दिनेशकुमार झालाई अहिले घरका नियमित कामकाज हेर्ने फुर्सद नै छैन । घरको ससानो काममा पनि परिवारका हन्य सदस्यलाई सघाउने उहाँलाई हिन्दू परम्पराको पितृपक्ष सुरु भएदेखि घरबाहिरको काम भ्याइनभ्याइ छ । कर्मकाण्डी पुरोहित झालाई अचेल एकै दिनमा कैयौँ व्यक्तिको श्राद्ध गराई दिनुपर्ने भएपछि धपेडी बढेको हो । "यो सयम दौडादौड नै हुन्छ, घरको काम त हेर्नै भ्याइँदैन", झा भन्नुहुन्छ, "एकै दिन पाँच ठाउँमा श्राद्ध गराइदिनुपर्ने भएपछि एकाबिहानैदेखि व्यस्त हुन्छु ।"



दिनेश मात्र नभएर उहाँकै दाजु महेशकुमार झा पनि पितृपक्षमा व्यस्त हुनुहुन्छ । जारी पितृपक्ष (सोह्रश्राद्ध) मा एकपछि अर्का यजमानको बोलाहटमा श्राद्ध गराइदिनुपर्ने भएकाले पुरोहितहरूलाई अहिले भ्याइनभ्याइ छ । सोह्रश्राद्धमा पितृको विशेष विधिबाट पार्वण श्राद्ध गर्ने हिन्दू परम्पराका कारण एकै दिन चार/पाँच ठाउँमा कर्मकाण्ड गराउनुपर्ने भएपछि आफूहरूका लागि एकछिन पनि थकाइ मार्ने समय नभएको बर्दिबास-१ का अर्का पुरोहित पुष्पराज काफ्ले बताउनुहुन्छ ।

"हेर्नोस् न, आफ्नो पनि खेतीपाती छ, पोटाउँदै गरेको धानमा मल छर्ने बेला छ, यहीबेला पितृपक्षमा सबै यजमान कहाँ पुग्नुपर्ने पारम्परिक बाध्यता पनि छ", उहाँ भन्नुहुन्छ, "गर्दै आएको संस्कार हो, सबै यजमानको चित्त त बुझाउनै पर्‍यो, त्यसैले आफ्नै घरका परिवारजनलाई पनि सहयोग गर्न पाएको छैन ।" यसपालि गत बुधबार पितृपक्ष सुरु भएको हो । आजसमेत गरी तीन दिनमा दैनिक करिब चार घरमा श्राद्ध गराएको काफ्लेले बताउनुभयो ।

सामान्यतया एकोदिष्ट श्राद्ध (पितृपक्षबाहेकको बेलाको तिथि, आफन्त निधन भएको तिथिमा गरिने तर्पण श्राद्ध) सम्पन्न गर्न एक/डेढ घण्टा लाग्नेमा पार्वण श्राद्ध (पितृपक्षको श्राद्ध) गर्नभने कम्तीमा साढे दुई घण्टा लाग्ने पुरोहित बताउँछन् । एकोदिष्टमा जुन पितृको तिथि हो, उनलाई मात्र पिण्ड दिइने हुनाले कम समय लाग्ने गर्छ तर पार्वण श्राद्धमा भने आफ्नो घर (पितृकुल), मावल (मातृकुल) का तीन पुस्तालाई नै सङ्कल्प गरेर तर्पण पिण्ड दिनुपर्ने र गुरु, दिदीबहिनी तथा आफ्नै सन्तान नभएका दिवङ्गत काकाबाबुहरूलाई समेत तर्पण र पिण्ड दिनुपर्ने कर्मकाण्डीय परम्पराले समय बढी लाग्ने गरेको कर्मकाण्डी उहाँहरूको भनाइ छ ।

यसपालि पहिलो दिनबाहेक सबैजसो तिथि दिनैपिच्छे परेका छन् । प्रतिपदा श्राद्धभने पूर्णिमा कटाएर बुधबार गर्नुपर्दा अपराह्न मात्र गर्न मिलेको थियो ।

अब तिथिपिच्छेका श्राद्ध गर्दै यही असोज १६ गते पितृ विसर्जन गरिनेछ । असोज कृष्ण प्रतिपदादेखि औँसीसम्म १५ तिथि भए पनि पूर्णिमा तिथिकोपार्वण श्राद्ध औँसीका दिन गरिने विधानले श्राद्ध १६ हुनेहुँदा यसपक्षलाई सोह्रश्राद्ध भनिएको भङ्गाहा-५ सीतापुरका कर्मकाण्डी पुरोहित ब्राह्मण विष्णुप्रसाद शर्मा बताउनुहुन्छ ।

हिन्दू वैदिक परम्पराअनुसार गरिने पार्वण (महालय) र एकोपार्वण (सोह्रश्राद्धभित्र नै दिवङ्गत भएकाहरूको गरिने) तिथि धेरैजसो यजमानको घरमा एकै दिन पर्ने भएकाले पुरोहितहरूको व्यस्तता बढ्ने गरेको हो । पुरोहितको माग नघटे पनि यसमा लाग्नेहरूको सङ्ख्या घट्दै जाँदा पनि एउटैले धेरै ठाउँ खट्नुपर्ने बाध्यता छ । ब्राह्मण परिवारका नयाँ पुस्ताका सन्तानले यो काममा अनिच्छा देखाउन थालेपछि पुरोहित घट्दै गएका स्वयम् पुरोहितहरू नै बताउँछन् । "हाम्रा बाजे, पिताजी र त्यसअघिका पूर्वज पनि कर्मकाण्डमा पारङ्गत हुनुहुन्थ्यो, हामी दाजुभाइलाई पनि बाजे र पिताजीले कर्मकाण्ड अध्ययनमा उत्प्रेरित गर्नुभयो", बर्दिबास-१ का भागवत काफ्ले भन्नुहुन्छ, "तर हाम्रा छोराले यता रुचि देखाएनन्, हामीले पनि कर गरेनौँ ।" सूचना र प्रविधिको विकासले पछिल्लो पुस्तामा संसारलाई बुझ्ने र नवीनतम विषयमा दक्खल बढाउने होड बढेसँगै कर्मकाण्ड पढ्ने र यो पेसा अँगाल्ने ब्राह्मण पातलिँदै गएका उहाँको बुझाइ छ ।

परम्पराअनुसार श्राद्ध र अन्य वैदिक कार्यको आयोजन गर्दै आए पनि अब केही वर्षपछि भने पुरोहित पाइन मुस्किल पर्ने छाँट देखिन लागेको पूर्वीय वैदिक परम्पराका अनुयायीको चिन्ता छ । "खै काम पर्दा पुरोहित हतपत भेटिँदैनन्, अब यो परम्परा के होला ?", भङ्गाहा-५ सीतापुरका ८७ वर्षीय शालिग्राम ढकाल चिन्ता व्यक्त गर्नुहुन्छ । वैदिक परम्पराका अनुयायी पाकाजन पुरानो रीतिथिति थाम्न नयाँ पुस्ताले चासो देखाउनुपर्ने बताउँछन् ।

विश्वका अन्य मुलुकमा आ-आफ्ना परम्पराप्रति गर्व गर्नेहरू देखिनु र पूर्वीय वैदिक परम्परामा भने स्खलन आउनु आफ्नै परिचय निभ्नुजस्तै ठान्नुपर्ने महोत्तरीकै जलेश्वर-४ का बासिन्दा ८४ वर्षीय कृष्णचन्द्र झा बताउनुहुन्छ ।

कर्मकाण्ड र वैदिक परम्पराभित्र रहेका उचनिचको चलन, जातिपाती तथा छुवाछूतको रूढिवादी परम्परा र बिरालो बाँध्नेजस्ता विकृत चलन हटाउनुपर्नेमा भने अब बूढापाका पनि सहमत देखिएका छन् । "विगतमा रहेका गलत प्रथा, परम्परा र मान्यताहरू बदल्दै आफ्ना संस्कार र संस्कृतिको संरक्षण गर्नुको विकल्प छैन । यी त हाम्रा पहिचान पनि हुन् नि ! कुनै भेदभावबिना पूर्वीय वैदिक परम्परा थाम्न र यसको संरक्षणका लागि अब युवा पुस्ता नै अग्रसर हुनुपर्छ", ज्येष्ठ नागरिक झाको सुझाव छ ।रासस

# डेङ्गी सङ्क्रमण एक महिनामा छ गुणाले वृद्धि

गण्डकी । कास्कीको पोखरा महानगरपालिकामा गत भदौ पहिलो सातायता डेङ्गी सङ्क्रमण छ गुणाले बढेको छ । भदौ पहिलो साता डेङ्गी सङ्क्रमितको संख्या सात सयको आसपास रहेकोमा महिनादिनमा बढेर चार हजार चार सय ३३ पुगेको हो । महानगरको स्वास्थ्य महाशाखाका अनुसार सङ्क्रमितको उक्त कुल सङ्ख्या गत पुसयताको हो ।





महाशाखाका जनस्वास्थ्य निरीक्षक राजेन्द्र रेग्मीले सङ्क्रमितको संख्या ३१ सयबढी पुग्न नदिइ डेङ्गी रोकथाम गर्ने लक्ष्य लिइएका उक्त लक्ष्य पूरा गर्न नसकिएको बताउनुभयो । "पछिल्लो एक महिनामा डेङ्गी सङ्क्रमण ह्वात्तै बढ्यो, यही अवस्था रहिरहे पाँच हजार बढीमा सङ्क्रमण देखिन सक्छ", उहाँले भन्नुभयो, "प्रत्येक व्यक्तिले सावधानी नअपनाएसम्म डेङ्गी रोकथाम चुनौतीपूर्ण छ ।"

गतवर्ष पोखरा महानगरपालिकाका ती हजार तीन सय ७० जनामा डेङ्गी सङ्क्रमण पुष्टि भएको थियो । कात्तिक महिनासम्म सङ्क्रमणको जोखिम रहने भएकाले यो वर्ष सङ्क्रमितको सङ्ख्या अझै बढ्नसक्ने देखिएको जनस्वास्थ्य निरीक्षक रेग्मीले बताउनुभयो । उहाँका अनुसार डेङ्गी सङ्क्रमणबाट पोखरामा तीन जनाको मृत्यु भएको छ । पोखरा महानगरपालिका-५ का ५२ वर्षीया महिला, १२ का ४० वर्षीय र १० का ८० वर्षीय पुरुषको डेङ्गीका कारण मृत्यु भएको उहाँले जानकारी दिनुभयो । पोखरा महानगरपालिका-नं ५, ८ लगायतका वडा डेङ्गीबाट बढी प्रभावित भएको स्वास्थ्य महाशाखाले जनाएको छ ।

जनघनत्व बढी भएका ठाउँमा डेङ्गी छिटो फैलिने हुँदा महानगरको मुख्य सहरी क्षेत्रमा सङ्क्रमण तीव्र बनेको हो । सङ्क्रमण तीव्र बन्दै जाँदा उक्त रोग लाग्नबाट जोगिन विशेष सावधानी अपनाउन चिकित्सक तथा स्वास्थ्यकर्मीले सुझाएका छन् । स्वास्थ्य कार्यालय, कास्कीका प्रमुख रामबहादुर नेपालीले सङ्क्रमण जटिल बनेर मानिसको मृत्युसमेत हुनसक्ने भएकाले डेङ्गी रोग सार्ने लामखुट्टेको टोकाइबाट बच्नु नै उक्त रोगबाट बच्ने उत्तम उपाय भएको बताउनुभयो ।

प्रमुख नेपालीले असारदेखि कात्तिकसम्म डेङ्गीको सङ्क्रमण बढी फैलने बताउनुभयो । समयमा जोखिम न्यूनीकरण र नियन्त्रण गर्न नसके डेङ्गीले महामारीको रुप लिनसक्ने प्रमुख नेपालीले बताउनुभयो । "डेङ्गीलाई सामान्य रुपले नसोचौँ, यसका अप्रिय उदाहरण हामीसँग छन्", उहाँले भन्नुभयो, "डेङ्गी भइसकेपछि धेरै पीडा र दर्द हुन्छ, उपचार र हेरचाह पुगेन भने स्वास्थ्य अवस्था जटिल बन्दै गएर बिरामीको मृत्युसमेत हुनसक्छ ।"

डेङ्गी रोकथाम र नियन्त्रणका लागि सबै पक्ष सचेत र जिम्मेवार हुनुपर्ने प्रमुख नेपालीको भनाइ छ । चार प्रकारको भाइरसबाट मानिसमा डेङ्गी सङ्क्रमण हुने गरेको उहाँले बताउनुभयो । उक्त लामखुट्टले जम्मा भएको सफा पानीमा फुल पार्ने र लार्भा जन्माउने गरेको उहाँको भनाइ छ । यो लामखुट्टेले दिनमा मात्र टोक्ने गरेको उहाँले बताउनुभयो ।डेङ्गी सङ्क्रमणपछि बान्ता भइरहने, नाकबाट रगत आउने, कालो दिसा हुने, थकान जस्ता लक्षण देखिए चिकित्सकको विशेष निगरानीमा उपचार गर्नुपर्ने चिकित्सक बताउँछन् ।

डेङ्गी भएमा आराम गर्ने, पानीलगायत झोलिलो पदार्थ पिउने र जथाभावी औषधि सेवन गर्न नहुने उनीहरुको सुझाव छ । वृद्धवृद्धा, दीर्घरोगी, गर्भवती र बालबालिकामा डेङ्गीको सङ्क्रमण भएमा स्वास्थ्यमा जटिलता निम्तन सक्ने खतरा हुने प्रमुख नेपालीले बताउनुभयो ।रासस

# मुटुरोग विशेषज्ञको अन्तर्राष्ट्रिय सम्मेलन चितवनमा

चितवन । मुटुरोग विशेषज्ञको अन्तर्राष्ट्रिय सम्मेलन चितवनमा जारी छ । राष्ट्रिय मुटु तथा फोक्सो समाज (नेशनल हर्ट एण्ड लङ्गस सोसाइटी नेपाल)ले नेपालसहित भारत र मालदिभ्सका विज्ञको सहभागितामा सम्मेलन आयोजना गरेको हो ।





शुक्रबारदेखि सुरु भएको सम्मेलन शनिबार समापन हुँदैछ । सोसाइटीका अध्यक्ष डा शङ्कर लौडारीका अनुसार सम्मेलनमा मुटुरोग विशेषज्ञ, आवासीय चिकित्सकहरु, जनरल फिजिसियनहरु, प्यारामेडिक्स गरी दुई सय जनाभन्दा बढी सहभागी छन् ।

पहिलो दिन दुई जना भारतीय विज्ञसहित १२ जनाले मुटुको भिडियो एक्स-रेसम्बन्धी भएका अत्याधुनिक प्रविधि र विकासक्रमबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । आज दुई जना भारतीय र एक जना मालदिभ्सका विज्ञ चिकित्सकसहित २० जनाले फरक कार्यपत्र प्रस्तुत गर्दै हुनुहुन्छ । सोसाइटीका अध्यक्ष डा लौडारी, पूर्वअध्यक्ष प्रा डा श्यामराज रेग्मी र प्रा डा मणि गौतमले पहिलो दिन संयुक्त रुपमा सम्मेलनको उद्घाटन गर्नुभएको थियो । सोही अवसरमा सोसाइटीले प्रकाशन चौथो जर्नल विमोचन गरिएको थियो ।

'प्रथम इकोकोन नेपाल' नाम दिइएको सम्मेलन मुटुको भिडियो एक्स-रेलाई नै लक्षित गरेर नेपालमा पहिलो पटक भएको डा लौडारीले बताउनुभयो । सम्मेलनमा मुटुको भिडियो एक्स-रेबाट कस्ता रोग पत्ता लाग्न सक्छन् ? मुटुको उपचारमा भिडियो एक्स-रेको के-कस्तो योगदान हुन्छ ? भन्ने विषयमा केन्द्रित छलफल भइरहेको जनाइएको छ । नेपालको चितवनसहित काठमाडौँ, पोखरा, बुटवल, विराटनगर, नेपालगञ्ज, वीरगञ्जबाट र भारतको दिल्ली, चेन्नाइ, मालदिभ्सबाट मुटुरोग विशेषज्ञको सहभागिता रहेको छ ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# जसपा नेपालमा विश्वासको संकट

आन्तरिक कलहमा अल्झेको जनता समाजवादी पार्टी (जसपा) नेपालमा विश्वासको चरम संकट देखिएको छ । पार्टीका अध्यक्ष उपेन्द्र यादवमाथि नै उच्चपदस्थ नेताहरुले विश्वास गर्न छाडेका छन् । उनको भनाइ र गराइमा भिन्नता रहेको, बोल्नेभन्दा फरक गर्ने, आर्थिक चलखेल हुने जस्ता आरोप अध्यक्ष यादवमाथि लागेको छ। पार्टीको कार्यकारिणी समितिको सम्पन्न पहिलो बैठकमा अध्यक्ष यादवको चर्को आलोचना भएपछि उनले विधान विपरीत असन्तुष्टहरुलाई पद दिन समिति बनाएका छन्। पार्टीको प्रथम महाधिवेशन गरे पनि विधान विपरीत केन्द्रीय सदस्यहरुको मनोनयन, पदाधिकारी र कार्यकारिणी समितिको चयन गरेपछि निर्वाचन आयोगमा झण्डै आधा दर्जन उजुरी परेको छ । महाधिवेशन सम्पन्न भइसकेको तीन महिना बितिसक्दा पनि निर्वाचन आयोगले जसपा नेपाललाई अद्यावधिक गरेको छैन। निर्वाचन आयोगले प्रचलित ऐन, पार्टीको विधानलगायतको पालना नभएको देखिए केन्द्रीय समिति, पदाधिकारी र कार्यकारिणी समितिलाई अमान्य ठहर गर्न सक्छ । अध्यक्ष यादवले हुकुमी शैलीमा पार्टीको विधान लत्याउँदै केन्द्रीय समिति, पदाधिकारी र कार्यकारिणी समिति गठन गरेका छन्। त्यसको विरोधमा पार्टी भित्र व्यापक असन्तुष्टि देखिएको छ । जनतासँग जसपाको ४ महिने अभियान पनि असन्तुष्टिले प्रभावित भएको छ। असन्तुष्टिलाई थामथुम पार्न अध्यक्ष यादवले विधानमा कतै व्यवस्था नभएको पदहरु सृजना गर्न समिति बनाएका छन्। सचिवालय समितिको अध्यक्ष समेत रहेका यादवले असन्तुष्टहरुसित सम्वाद गरी उनीहरुलाई विभिन्न पद लगायतको प्रलोभन दिने छन् । पार्टी परिवर्तनको तयारीमा रहेका र पार्टीको कार्यक्रमहरु बहिष्कार गरिरहेकाहरुसित यादवले सम्पर्क गरी सम्वाद थाल्ने छन् । उनले सम्वाद गरे पनि विश्वासको संकट रहेकाले फलदायी हुनेमा आशंका छ । अध्यक्ष यादवले विगतमा पनि विभिन्न नेताहरुलाई अनेक पद बाँडेका थिए । तर त्यो मौखिक रुपमा बाँडिएको आश्वासन बाहेक केही हुन सकेन। अध्यक्ष स्वयम्ले आर्थिक लेनदेनको आधारमा पद वितरण गरेको आरोप छ । पार्टीको साधारण सदस्य समेत नरहेका व्यवसायीलाई सोझै केन्द्रीय सदस्य बनाएका छन् । पदका लागि आफ्नै दलका नेताहरुसित समेत लेनदेन गरेका छन् । अध्यक्ष यादवको कारण नै पार्टी ओरालो लागेको नेताहरुले बताए । अध्यक्ष नै सकारात्मक सोच भएका नेताहरुलाई पञ्छाउने गरिन्छ । पछिल्लो पटकको घटनाक्रमलाई यादवले सहज व्यवस्थापन गर्न कठिन छ। झुठा आश्वासन बाँडने अध्यक्षको आदतलाई सबैले बुझिसकेका छन्। इमान्दारी र निष्ठामा कायम हुन सके पार्टीलाई ठूलो क्षति हुन सक्ने जोखिम झन् बढेको छ।

# सत्ताको खेलमा राजयोगको प्रभाव



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

यो आधुनिक युगमा राजनीतिको मूल उद्देश्य सत्ताप्राप्ति नै हो । सत्तासुख प्राप्तिका लागि एक अर्कालाई धोका दिएर अगाडि बढ्ने अवसरको खोजीमा रहन्छन् । कहिँलेकाहिँ पार्टीको नेतृत्व गर्ने व्यक्ति कुनै कारणवश, आफू नेतृत्व गर्न नपाउँदा आफ्ना हितेषिमध्ये जसको पार्टीमा पकड नभएको र सोझो किसिमका व्यक्ति छन् भने त्यस्तालाई सत्ताको नेतृत्वगर्ने अवसर दिने गरेको अनेकौं दृष्टान्त छन् । उदाहरणको रुपमा भारतका पूर्वप्रधानमन्त्री मनमोहन सिँहलाई लिन सकिन्छ। प्रधानमन्त्रीको कुर्सीमा उनी एक मूर्ति झैं विराजमान थिए। सत्ताको साँचो सोनिया र राहुल गान्धिको हातमा थियो । अहिले, मनमोहन सिँहको ठीक विपरीत धेरै बढी बोल्ने, राजनीतिको दाउपेच मातापिताबाट नै सिकेकी केजरीवालकी परम शिष्या आतिशी दिल्लीकी मुख्यमन्त्री पदमा आसिन भएकी छन् । उनलाई केजरीवालले विराजमान गराई साँचो आफ्नो हातमा राख्ने उनको मनसाय छ। यस्तै, अप्रत्यासित परिणाम देखेर विद्ववानहरुले राजनीतिलाई अनिश्चयको खेल भनेका हुन्।

राजनीतिमा आफ्नै दलभित्रको षडयन्त्र विपक्षीको प्रहारभन्दा पनि खतरनाक हुन्छ । गलत सल्लाहको कारण चक्रब्यूँहमा फस्नमा बेर लाग्दैन् । यसको पछिल्लो उदाहरणको रुपमा दिल्लीका मुख्यमन्त्री पदमा आसिन अरविन्द केजरीवाललाई लिन सकिन्छ। भ्रष्टाचारको अभियोगमा उनी ६ महिनासम्म कारागारमा बस्दा दिल्लीमा मुख्यमन्त्रीको कुर्सी खाली नै रह्यो । त्यो ६ महिनाको अवधिमा मुख्यमन्त्रीको रुपमा केजरीवालले एउटापनि निर्णय गर्न पाएन् । विकासका साथै जनताको काम बाधित भएपनि उनले राजीनामा गरेन् । उनलाई डर थियो, पार्टीभित्रबाट कसैलाई सत्ता सुम्पिएर आफू कारागार गएको खण्डमा कुर्सीमा आसिन व्यक्तिले आफ्नो बर्चस्व कायम गर्ने त होइन्। तर, सर्वोच्चले मुख्यमन्त्रीको रुपमा काम गर्नमा तत्काल बन्देज गरेपछि बाध्य भएर उनलाई राजीनामा गर्नु पर्‍यो। यसो हेर्दा, आतिशीको राजयोग प्रवल भएको कारणले सम्भवतः केजरीवाल चक्रब्यूँहमा फस्दै गयो र अन्ततः मुख्यमन्त्री पदबाट राजीनामा गर्‍यो। जो व्यक्ति मुख्यमन्त्रीको निवासमा साढे चार लाखको एउटा पर्दा लगाएका छन् । शयनकक्षलाई सजाउनमा दस करोड रुपैयाँ खर्चिएका छन्। सो व्यक्ति कारागारको सामान्य खाटबाट मुक्ति पाएलगत्तै राजीनामा गरी सो राजमहलबाट विदा हुने काम कुनै त्याग गरेको सम्झनु मुर्खता हुन्छ।

बङ्गलादेशमा दुई तिहाईसहित शेख हसिनाको नेतृत्वको सरकार थियो । आरक्षणको विरुद्धमा छात्रहरु सडकमा उत्रिएका थिए । विद्यार्थी आन्दोलनलाई विपक्षी दलहरुले राजनीतिक रङ्गमा उतारेपछि शान्तिपूर्ण आन्दोलन हिंसक बन्दै गयो। सडक आन्दोलनको तेजगतिको हुरी बतासमा शेख हसिनाकी सरकार नै उडेर गयो । पन्द्रह बर्षको अवधिमा बङ्गलादेशले गरेको विकाससँगै राजनीतिक स्थायित्वको चर्चा कसैले गरेन् । शेख हसिनाले तानाशाह प्रवृति देखाएको र विपक्षीहरुलाई कारागारमा बन्द गरेको कारण सो अवस्था उत्पन्न भएको भनेर अन्तर्राष्ट्रिय जगतले विश्वास गर्‍यो । बङ्गलादेश नेशनल पार्टीकी अध्यक्ष खालिदा जिया एक तानाशाह प्रधान सेनापतिकी जियाउर रहमानकी विधवा हुन् । उनी शेख मुजिब रहमानकी हत्या गरी सेना प्रमुखबाट राष्ट्रपति भएका थिए। खालिदा जिया प्रधानमन्त्री हुँदा भ्रष्टाचार गरेकी भनेर सर्वोच्चले उनलाई १३ बर्षको लागि सजाय तोकेको थियो। उनी कारागारमा थिइन् । आन्दोलनपछि सवै मुद्धा फिर्ता भयो। यो कसैले भन्दैन् कि दोषिलाई कुन आधारमा सजाय फिर्ता भयो ?

बङ्गलादेशमा एक निर्वाचित सरकारलाई आन्दोलनको बलमा हटाएपछि नेपाल र भारतमा पनि आन्दोलन गरेर हटाउने सोच पलाएको छ। भारतमा धर्म र जातीय दङ्गा विकराल रुपमा फैलिएपछि बाध्य भएर मोदीलाई कुर्सी छोड्नुपर्ने अवस्था सृजना हुने कतिपयको सोचाई देखिन्छ । भारतका विपक्षी दलका शीर्ष नेताहरुले बङ्गलादेशजस्तै आन्दोलनको चर्चा गर्न थालेका छन्। खासगरी, दक्षिण एशियाली राष्ट्रहरुमा सत्ताको लागि राजनीतिक सङ्घर्ष भइनै रहन्छ। सो कारणले विकासको गतिविधिपनि बाधित हुन्छ।

बङ्गलादेशमा सत्ता परिवर्तनको लागि गरिएको आन्दोलनजस्तै नेपालमा पनि उस्तै आन्दोलन गरी सत्ता वा व्यवस्था परिवर्तनका लागि मनोवैज्ञानिक दवाव दिने प्रयासपनि भइरहेको अवस्था छ। तर, त्यो प्रयासको अगुवाई गर्ने अनुहार सामुन्ने आएको छैन्। त्यस्तो विकट परिस्थिति उत्पन हुने सम्भावना छैन्। मनको लड्डु घ्यूसँग खाने उखानजस्तै हो। पाँच बर्ष सरकार हाँक्ने ठोकुवा गर्ने प्रचण्ड प्रतिपक्षमा पुगेपछि हतास मनस्थितिको उपज हो वा मनलाग्दि बोलेका हुन्। उहाँ बङ्गलादेशजस्तै अवस्था निम्त्ने सम्भावना देख्नुहुन्छ । सत्ता हातबाट खुस्किएपछि जसरीपनि सत्तामा पुग्ने चाहनापनि छ । ओली र प्रचण्डबीच जुहारी चलिरहनु सामान्य विषय कुरा हो। सत्तापक्ष र प्रतिपक्षबीच एकअर्कामाथि आरोप प्रत्यारोपको खासै असर सर्वसाधारण जनतामा पर्दैन । सुन्नपनि त्यति रुचाउँदैनन्।

दुईपटक मृगौंला फेरर आफूलाई युवा सम्झनु हुने प्रधानमन्त्री केपि ओली आउँदो २०८४ सालको निर्वाचनमा आफ्नै नेतृत्वको एमाले पार्टीलाई बहुमतमा पुर्‍याउने उद्घोष गरिसकेका छन्। अर्कोतर्फ, काँग्रेस सभापति शेरबहादुर देउवा राजनीतिक जीवनबाट सन्यास लिने घोषणा गरेका छन् । छैठोपटक प्रधानमन्त्री बन्ने ज्योतिषको भविष्यवाणी झुठो भयो भने ज्योतिषमाथिको विश्वासपनि सङ्कटमा पर्ने खतरा छ। हेर्दै जाऊ, ! ओलीपछि देउवाले प्रधानमन्त्री बन्नका लागि आफ्नो बोली फेर्छ कि ..?

भ्रष्टाचारको विरुद्धमा आम आदमी पार्टीको स्थापना गरी तीनपटक दिल्लीका मुख्यमन्त्री बनेका केजरीवालले अन्ततः भ्रष्टाचारकै अभियोगमा फसेपछि मुख्यमन्त्री पदबाट हात धुनु पर्‍यो। सर्वोच्च अदालतले दस लाख रुपैयाँ धरौंटीबापत बुझाउनुपर्ने शर्तसँगै मुख्यमन्त्री केजरीवाललाई पदमैं बसेर काम गर्नमा रोक लगाएपछि परिबन्दमा परेर राजीनामा गरेका हुन् । यसअघि, भ्रष्टाचारको अभियोगमा झारखण्डका मुख्यमन्त्री हेमन्त सोरेन र धेरै पहिले लालु यादव र जयललिता ले राजीनामा गरेर मात्र कारागार गएका थिए।

सुषमा स्वराज र शिला दीक्षितपछि तेस्रो महिलाको रुपमा आतिशी सिँह मुख्यमन्त्री भएकी हुन्। यसअघि, उनी केजरीवाल नेतृत्वको सरकारमा मन्त्री पदमा आसिन थिइन्। गत, मंगलवार पार्टीको विधानसभा सदस्यको बैठकमा केजरीवालले ४३ बर्षीया आतिशीको नाम मुख्यमन्त्रीका लागि पेश गरेपछि उनको सर्वसम्मत रुपमा मुख्यमन्त्री पदका लागि चयन भयो। उनी केजरीवालको विश्वासपात्र हुन् । केजरीवाल आफूलाई राजनीतिको माहिर खेलाडी ठान्छन् । पार्टीमा राम्रो पकड भएका व्यक्तिलाई मुख्यमन्त्री बनायो भने भविष्यमा पद छोड्न तयार भएन भने पार्टी विभाजनको मारमा पर्ने खतरा देखेर उनले आतिशीलाई चयन गरेका हुन् । तर, आतिशी विरासतमैं राजनीति पाएकी हुन्। बामपन्थी धारबाट आएकी हुन्। उनको नामको थरमा मार्लेना उल्लेख थियो । कतिपय व्यक्तिले उनी क्रिष्चियन ठान्दथे। उनको मातापिता बामपन्थी भएकाले मार्क्सवाद र लेनिनवादको मिश्रण गरी छोटो शब्द 'मर्लेना' राखिएको थियो।

केजरीवाललाई महङ्गो पर्ने सम्भावना छ। हुन त, ६ महिनापछि दिल्लीमा विधानसभाको निर्वाचन हुने भएकाले आतिशीले पार्टीमा आफ्नो सशक्त पकड बनाउन मुश्किल पर्छ । पार्टीभित्र उनीभन्दा उच्च ओहोदामा मनिष सिसोदिया, सत्येन्द्र जैन र सञ्जय सिँहजस्ता नेताहरु छन्।

कोरोनाकालमा दिल्लीमा सरकारी रक्सी पसलको सङ्ख्यामा बृद्धि, मूल्यबृद्धि र कर बृद्धि गरेको थियो । त्यसमा व्यापक भ्रष्टाचार भएको भनेर वित्तीय जाँच एजेन्सी प्रवर्तन निर्देशनालयले अनुसन्धान शुरु गर्‍यो। त्यसपछि, सिबिआईले जाँच गरी केजरीवालसँग बयान लिएर पक्राउ गरेको थियो। सो अभियोगमा उपमुख्यमन्त्री मनिष सिसोदिया र साँसद सञ्जय सिँह पक्राउमा परेपछि अहिले जमानतमा छुटेका छन् । अरविन्द केजरीवाललाई सर्वोच्च अदालतले दस लाख रुपैयाँ धरौंटीबापत बुझाउनुपर्ने शर्तसँगै मुख्यमन्त्री पदमा बसेर काम गर्नमा बन्देज गरेपछि बाध्यतावश केजरीवालले राजीनामा गरेका हुन् । सर्वोच्च अदालतले व्यक्तिगत रुपमा केजरीवाललाई जमानत दिएको देखिन्छ भने मुख्यमन्त्री केजरीवाललाई जमानत नदिएको स्पष्ट हुन्छ। उनको उक्त मुद्धाको फैसला वा खारेजी नभएसम्म केजरीवाललाई पुनः मुख्यमन्त्री बन्न मुश्किल देखिन्छ।

### दिल्लीको रक्सी र नेपालको सहकारी

दिल्लीको राजनीतिमा रक्सीले केजरीवाललाई कारागारको यात्रा मात्रै गराएन कि सत्ताको नेतृत्वबाट हट्न बाध्य पार्‍यो । उस्तै, नेपालमा सहकारीले कतिपय नेताको राजनीतिक भविष्यलाई धरापमा पार्ने परिस्थिति सृजना गराएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेले आफू सहकारीको रकमको हिनामिनामा कुनै संलग्नता नरहेको भनिएपनि आउँदो दिनमा अवस्था झन विकट हुने सम्भावना छ।

सहकारीको लहरो तान्दै गयो भने पहिरो आउने निश्चित छ। सहकारीको करौंडो रुपैयाँ अपचलन गरेको अभियोगमा फरार भएका जिवि राईको एकताका नेपाल सरकारले राहदानी रोक्का गरेको थियो । रोक्का गरिएका राहदानी केही दिनभित्रै फुकुवा किन गर्यो ? पूर्वगृहमन्त्री नारायणकाजि श्रेष्ठले उनीमाथि उतिखेर, कुनै अभियोग दर्ता भएको थिएन् भनेर तर्क दिन्छन । राहदानी रोक्ने कारण के थियो ? त्यो कारणको निवारण नगरी फुकुवाको किन गरेको ? एउटै पत्रको आधारमा अन्य व्यक्तिको पनि रोक्का गरिएकोमा मात्र एकजनाको फुकुवा गरेको हो। निश्चित रुपमा राजनीतिकवृतबाट उच्च दवावपछि फुकुवा गरेको हुनुपर्छ। राईलाई भगाएपछि सयौं व्यक्तिको रकम डुबेपछि यसको जिम्मेवारी कसले लिने ? फरार गराउनेले लिने कि नलिने ?

अर्थतन्त्रको तेस्रो स्तम्भ भनेर व्यापक रुपमा सहकारीलाई उचालेको थियो । मनसाय जे भएपनि अहिले त सर्वसाधारणको रकम अपचलन गरेको देखिन्छ । सहकारीको रकमको अपचलन भएको भनेर प्रायः प्रतिदिन कुनै न कुनै सहकारीको समाचार प्रकासित हुने गरेको पाइएको छ। अधिकांस पत्रिकामा प्रायः कुनै न कुनै सहकारी ठगी कि मिटर ब्याँजीको समाचार प्रथमपृष्ठमा छपेको हुन्छ । यसअघि, वाइडबड्डी प्रकरण, ललितानिवास जग्गा प्रकरण र नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउनेजस्ता घटनाहरु अव, सामान्य लाग्न थालेको छ।

हजारौं बचतकर्ताको रकम अपचलनमा परेपछि समस्याग्रस्त ठुला सहकारीमध्ये केही सञ्चालकहरुले आफ्नी श्रीमतीसँग सम्बन्धविच्छेद गरेका छन्। सम्बन्ध विच्छेद गरेर अधिकांस मूल्यवान सम्पति श्रीमतिको नाम राखेको पनि पाइएको छ । आर्थिक अपचलन मुद्धामा जुनसुकै बेला कानुनको पकडमा आउन सक्ने भएकाले उनीहरु योजनाबद्ध ढङ्गले सम्बन्धविच्छेद गरेका हुन्। रवि लामिछानेले राजनीतिमा प्रवेश गरेपछि धेरै ठूल्ठुला सपना देखाउँदै प्रचण्ड, ओली र देउवालाई राजनीतिबाट बाहिर फाल्नेजस्ता उद्घोष गर्दथ्यो । आफैंले सार्वजनिक गरेको प्रतिबद्धतालाई लत्याउँदै दुईपटक मन्त्री बन्यो । प्रचण्डको नेतृत्वमा दुईपटक गृहमन्त्री बन्नमा ओलीले सघाएको थियो।

एक दसकअघि सम्म सरकारले बजेट सार्वजनिक गर्दा प्रत्येकपटक अर्थतन्त्रको तेस्रो खुट्टा (स्तम्भ) सहकारीलाई भन्थ्यो। सहकारीलाई उकास्नका लागि व्यापक प्रचार प्रसारका साथै अनुदान रकम पनि दिने गर्दथ्यो।

सहकारी आफैंमा धेरै राम्रो हो। सहकारी अर्थात एक अर्काबीच सहकार्यको माध्यमबाट उन्नति गर्नु हो । सहकारीमा व्यक्तिहरु सङ्गठित भई सदस्यको हित प्रवर्धन गर्ने कार्य गर्दछन् । तर, नेपालमा केही सहकारीका सञ्चालकहरु सदस्यको हितको सट्टा आफ्नो हितका लागि व्यापक रुपमा रकमको दुरुपयोग गर्दा सहकारीको मर्ममाथि नै आघात परेको छ। यसको सिद्धान्त उद्देश्य विपरीत कार्य गरेको कारण हजारौं व्यक्तिको रकम डुब्ने अवस्थामा पुगेको छ । तर, यसको दुरुपयोग ठुलाबडाबाट नै हुन थालेपछि यतिखेर, सहकारी शब्द 'अत्याचारी'को रुपमा परिणत भएको आभाष हुन थालेको छ। 'इतिश्री'

> नेपालमा केही सहकारीका सञ्चालकहरु सदस्यको हितको स । आफ्नो हितका लागि व्यापक रुपमा रकमको दुरुपयोग गर्दा सहकारीको मर्ममाथि नै आघात परेको छ । यसको सिद्धान्त उद्देश्य विपरीत कार्य गरेको कारण हजारौं व्यक्तिको रकम डुब्ने अवस्थामा पुगेको छ । तर, यसको दुरुपयोग ठुलाबडाबाट नै हुन थालेपछि यतिखेर, सहकारी शब्द "अत्याचारी"को रुपमा परिणत भएको आभाष हुन थालेको छ ।

# संविधानको गतिशीलता र संशोधनको आवश्यकता



हरिविनोद अधिकारी

संविधानसभाबाट संविधान बनाउने नेपालीको चाहना २०७२ सालमा पूरा भएको हो। यसक्रममा २००४ सालदेखि सुरु भएको एउटा प्रक्रियाले २०७२ सालमा मूर्तरुप प्राप्त गरेको हो । जनताका प्रतिनिधिबाट विधान बनाउने कुरा २००७ फागुन ७ गते नै जहानियाँ राणाशासनको अन्त्य र ऐतिहासिक रुपमा नेपालमा प्रजातन्त्रको घोषणा हुँदा नै तत्कालीन महाराज श्री ५ त्रिभुवनबाट भनिएको थियो, '...औं हाम्रा प्रजाको शासन अब उप्रान्त निजहरुले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानअनुसार नै होओस् भन्ने हाम्रो इच्छा र निर्णय भएकाले, औ सो विधान तयार नभएसम्म अहिले हामीलाई हाम्रो कार्य सम्पादन गर्नमा मद्दत र सल्लाह दिनाको निमित्त दुनियाँको विश्वास भएका दुनियाँहरुका प्रतिनिधिहरुसमेत सम्मिलित भएको एक मन्त्रीमण्डल गठन होस् भन्ने हाम्रो इच्छा भएकाले ...'भन्दै अन्तरिम सरकार गठन गरेको देखिन्छ । त्यसैको पूर्णतालाई पूरा गर्न नै होला, २०७० सालमा भएको दोस्रो संविधानसभाको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरुले संविधान बनाउन सफल भएका हुन्।

संविधान एउटा गतिशील दस्तावेज हो । जनताका लागि एउटा मार्गदर्शन हो । सूत्रवद्ध रुपमा तयार गरिएको मूल कानुन हो । यो कुनै अर्थमा अपरिवर्तनीय पनि हुन्छ त कुनै अवस्थामा परिवर्तनीय पनि हुनुपर्छ । समयको प्रवाहसँगै जनताका आवश्यकताहरु थपिन्छन् र कतिपय आवश्यकताहरुलाई समयको क्रममा स्वतः प्राप्त भइसकेको अवस्था पनि हुन्छ । संविधानले नीति परिवर्तन गर्न सक्छ तर नियतलाई सकारात्मक रुपमा परिवर्तन गर्न संविधानका धाराहरुले भन्दा संविधान कार्यान्वयन गर्ने पात्रहरुको अभ्यासमा र नियतमा भर पर्छ। नेपालमा अहिलेसम्म सात वटा संविधानहरु लागू गरिएका छन्।

संविधान भनेको देशको मूल कानुन हो। संसारभर सबै देशमा लिखित संविधानको व्यवस्था गरिएको हुन्छ । तर प्रजातन्त्रकी जननी मानिने बेलायतमा भने लिखित संविधान छैन, परम्परागत चलनले र आवश्यक कानुनहरुको निर्माण र कार्यान्वयनले नै संविधानको या मुख्य कानुनको काम गरेको छ। कानुनको शासनका लागि कानुनहरुको पनि मुख्य आधारका रुपमा संविधानको व्यवस्था गरिएको हुन्छ।

संविधान निर्माणका लागि दुई तरिका अपनाइएको हुन्छ। पहिलो जनताबाट प्रत्यक्ष निर्वाचित प्रतिनिधिहरुको सभा वा संविधान सभाबाट अनुमोदित संविधान र दोस्रो हो अधिकार प्राप्त व्यक्ति वा संस्थाबाट तोकिएका व्यक्ति या संस्थाबाट तयार पारिएको र राष्ट्र प्रमुख या संसदबाट अनुमोदन भएपछि लागू हुनेगरी घोषणा गरिएको संविधान। २०७२ भन्दा पहिलेका संविधानहरु वैधानिक शासकले घोषणा गरेर कार्यान्वयन गरिएको थियो भने २०७२ साल असोज ३ गते भने जनताका प्रतिनिधिहरुले तयार गरेको दस्तावेजलाई तत्कालीन राष्ट्रपति डा रामवरण यादवले संविधानसभामा घोषणा गर्नु भएको हो। अहिले त्यही संविधानअनुसार हाम्रो शासन व्यवस्था चलेको छ।

त्यसो त नेपालमा संविधानको विकासक्रम त्यति लामो छैन । पहिलो संविधानको रुपमा नेपाल सरकारको वैधानिक कानुन २००४ साल माघ १३ गते तत्कालीन श्री ३ महाराज तथा प्राइम मिनिस्टर पद्मशमशेर जङ्गबहादुर राणाले घोषणा गरेका थिए। जुन २००५ वैशाख १ गतेबाट लागू हुने थियो भने पछिल्लो नेपालको संविधान २०७२साल असोज ३ गते संविधान सभाबाट तयार भई तत्कालीन राष्ट्रपति डाक्टर रामवरण यादवबाट घोषणा भएको थियो। त्यसबीचमा नेपालको अन्तरिम शासन विधान २००७, नेपाल अधिराज्यको संविधान २०१५, नेपालको संविधान २०१९, नेपाल अधिराज्यको संविधान २०४७, नेपालको अन्तरिम संविधान २०६३ विभिन्न तरिकाले घोषणा भई लागू भएका थिए । नेपालको संविधान २०७२ मात्र संविधान सभाबाट तयार भई संसदभित्रै घोषणा गरिएको थियो।

नेपालको संविधानका केही महत्वपूर्ण विशेषताहरुमा यो संविधान सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको नाममा जारी भएको छ। यसले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमान, जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकार, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि पटक पटक गरिएको आन्दोलन, सहिद तथा बेपत्ता र पीडित नागरिकहरुलाई सम्मान गरेको छ। संविधानको भाग ३ ले नेपाली नागरिकका मौलिक हक र कर्तव्य व्यवस्था गरेको छ । यस संविधानमा ३१ ओटा मौलिक हकको व्यवस्था गरिएको छ । मौलिक हकलाई नागरिक हकको रुपमा लिइन्छ। मौलिक हकका लागि संविधानको धारा १६ देखि ४७ सम्मको व्यवस्था गरिएको छ।

मौलिक हकसँगै कर्तव्यहरु पनि तोकिएका छन् । नेपालको संविधानले जसरी मौलिक हकहरुको घोषणा गरेको छ , त्यसैगरी प्रत्येक नागरिकहरुका लागि महत्पपूर्ण चार वटा कर्तव्य तोकेको छ । कुनै पनि नागरिकले अधिकार पाएपछि अधिकारको सदुपयोग गर्नका लागि केही अपरिहार्य कर्तव्यहरुको पालना गर्नु पनि जरुरी छ । राज्यले एउटा नागरिकलाई आफ्नो देशको संविधानअनुसार नागरिकताको प्रमाणपत्र दिनेगर्छ। राज्यले एउटा नागरिकलाई नागरिकताको प्रमाणपत्र दिनु पनि नागरिकको पहिचान हो, त्यसले व्यक्ति र राज्यका बीचको सम्बन्ध देखाउँछ र राज्य व्यक्तिहरुका बीचमा कसरी स्थापना हुन्छ भन्ने स्पष्ट पार्छ। नागरिकताको प्रमाणपत्र भनेको कुनै राज्यमा बस्ने व्यक्तिलाई वंशजका नाताले वा निश्चित अवधिदेखि बसोबास गरेका नाताले त्यस राज्यको नागरिक हो भनेर प्रमाणित गरी सरकारी कार्यालयद्वारा दिइने परिचय पत्र हो । वंशज नागरिकता र अङ्गीकृत नागरिकता वा बसोबास गरेका कारणले पाउने नागरिकताका बिचमा केही फरक अवश्य हुन्छ। जस्तो कि वंशजले पाउने विशेष अधिकार अङ्गीकृतले पाउँदैन।

नागरिकलाई त्यसदेशमा बस्न पाउने अधिकार राज्यले दिएपछि नागरिकका पनि केही कर्तव्यहरु हुन्छन् जसलाई पूरा गर्नु नागरिकको दायित्व भित्रै पर्छ। नेपालको संविधानको धारा ४८ मा नागरिकका कर्तव्यहरुमा राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमिकता र अखण्डताको रक्षा गर्नु, संविधान र कानुनको पालना गर्नु, राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु र सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु रहेको छ।

नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता र स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल हुने गरी संविधान संशोधन गर्न नपाइने, तर संविधान गतिशील हुन्छ र जहिले पनि संशोधनीय हुन्छ पनि । जब संविधान अनुसारको राज्य पद्धति सञ्चालन गरिएको हुन्छ, राज्य र जनताका प्रत्येक कार्य नै संविधानले निर्देशित गरेका आधारमा चलेका हुन्छन् भन्ने मान्यताका आधारमा नै संविधानवादको कुरा आएको हो। नौ वर्ष भयो संविधानको घोषणा भएको र कार्यान्वयन भएको। यी नौ वर्षमा संविधान कार्यान्वयनका चरणहरु धेरै पार भएका पनि छन् र कतिपय चरणहरुको सुरुआत पनि हुन नसकेको अवस्था पनि छ। संविधानमा विभिन्न आयोगहरु छन् तर ती या त दोहोरिएका छन् या त ती आयोगहरुको सफल कार्यान्वयन त कता हो कता, अझै गठन समेत हुन सकेका छैनन्। समावेशी आयोग छ, मधेसी आयोग छ, थारु आयोग छ, मुस्लिम आयोग छ । यसो हेर्दा यी एकसँग अर्को जोडिएका छन् । समावेशी आयोगले नै सबै अरु आयोगको प्रतिनिधित्व गर्नेछ कि भन्ने पनि कुरा उठेकै छ।

केन्द्रमा र प्रदेशमा सरकारहरु अस्थिर हुनाका कारणहरुलाई संविधानले नै स्थिरता दिनुपर्छ र प्रत्येक सरकारलाई स्वायत्तता दिनु जरुरी छ भनेर आवाज उठिरहेको प्रसङ्गमा पनि संविधान संशोधनको कुरा उठेका छन् । कतिपय निर्वाचनका बारेमा पनि केही प्रश्नहरु उठकै छन् । तिनको सम्बोधन गर्ने बेला भएको छ र संविधान दिवसमा नै यिनीहरुको समीक्षा हुनैपर्छ । र अन्त्यमा, यो संविधान घोषणा गर्नका लागि संयोजनकारी भूमिका र जसरी पनि संविधानसभाबाट संविधान घोषणा गर्नै पर्ने अडान लिने पूर्व प्रधानमन्त्री सुशील कोइरालालाई र यो संविधान घोषणा गर्दाका संविधानसभाका अध्यक्ष तथा सभामुख सुवासचन्द्र नेम्बाङ्लाई श्रद्धासुमन अर्पण गर्नैपर्छ र संविधानसभाबाट संविधान घोषणा गराउने काममा लागिरहने ज्ञात अज्ञात सहिदहरु तथा प्रजातन्त्रका सेनानीहरुप्रति आभार व्यक्त गर्दै यो संविधानलाई जोगाउँदै मुलुकको अस्मिताको लागि लागिरहने यो सरकारलाई, राजनीतिक दलहरुलाई र आम नेपाली नागरिकलाई संविधान दिवसको उपलक्ष्यमा वधाइ र हार्दिक शुभकामना दिनैपर्छ ।रासस

> नेपालको संविधानका केही महत्वपूर्ण विशेषताहरुमा यो संविधान सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको नाममा जारी भएको छ । यसले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमान, जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकार, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि पटक पटक गरिएको आन्दोलन, सहिद तथा बेपत्ता र पीडित नागरिकहरुलाई सम्मान गरेको छ । संविधानको भाग ३ ले नेपाली नागरिकका मौलिक हक र कर्तव्य व्यवस्था गरेको छ । यस संविधानमा ३१ ओटा मौलिक हकको व्यवस्था गरिएको छ । मौलिक हकलाई नागरिक हकको रुपमा लिइन्छ । मौलिक हकका लागि संविधानको धारा १६ देखि ४७ सम्मको व्यवस्था गरिएको छ ।

# प्रधानमन्त्री ओली न्युयोर्कमा



अमेरिका। संयुक्त राष्ट्र सङ्घको ७९औँ महासभामा भाग लिन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री केपी शर्मा ओली स्थानीय समयअनुसार शुक्रबार राति न्युयोर्क आइपुग्नुभएको छ।

प्रधानमन्त्री ओलीलाई जोनएफ केनडी अन्तर्राष्ट्रिय विमानस्थलमा राष्ट्र सङ्घका लागि स्थायी नियोग प्रमुख लोकबहादुर थापा, अमेरिकाका लागि कार्यवाहक राजदूत कुमार खरेल, न्युयोर्कस्थित नेपाली काबा महावाणिज्यदूत चक्र सुवेदी तथा स्थायी नियोगका अधिकारीहरुले स्वागत गर्नुभएको थियो।

प्रधानमन्त्री ओलीले यही असोज १० गते संयुक्त राष्ट्र सङ्घको महासभामा सम्बोधन गर्ने कार्यतालिका छ। महासभामा कोही पनि पछाडि नछाडिने, वर्तमान र भावी पुस्ताका लागि शान्ति, दिगो विकास र मानव मर्यादाका लागि सबै मिलेर अघि बढ्नुपर्ने विषयमा बहस हुनेछ।प्रधानमन्त्रीओलीलेयहाँस्थित नेपाली सङ्घसंस्थाले आयोजना गर्ने समारोहलाई आइतबार सम्बोधन गर्नुहुने छ। यसैगरी महासभामा सहभागी मित्रराष्ट्रका प्रतिनिधि तथा विकास साझेदारसँग 'साइडलाइन' वार्ता पनि गर्नुहुनेछ।

प्रधानमन्त्री ओलीले सम्मलेनमा अतिकम विकसित देशहरुको अध्यक्षको हैसियतले सम्बोधन गर्नुहुनेछ।

यसैगरी उहाँले कोलम्बिया विश्वविद्यालय र हवार्ड विश्वविद्याललयमा नेपालको प्रजातन्त्र र आर्थिक समृद्धिको यात्रा र नेपालको परिप्रेक्ष्यः सङ्क्रमणकालीन न्यायबाट जलवायु न्यायका विषयमा सम्बोधन गर्नुहुने कार्यक्रम छ।रासस

# 'चुनावमा एक्लै लड्ने प्रतिबद्धता लोकतन्त्र र देशका लागि हितकर हुनेछ'

दाङ। नेपाल कम्यनिष्ट पार्टी (एमाले) का महासचिव शङ्कर पोखरेलले कांग्रेस-एमालेको वर्तमान राजनीतिक समीकरण लामो जाँदैन भनेर गलत भाष्य पैदा गरेर आतङ्क फैलाउन खोज्नु लोकतन्त्र खोक्रो बनाउने खेल भएको टिप्पणी गर्नुभएको छ।

प्रेस चौतारी नेपाल दाङ शाखाले शनिबार घोराहीमा आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले मुलुकको हित र राजनीतिक स्थायित्वका लागि बनेको सरकारको समीकरणविरुद्धको चलखेल मात्रै रहेको टिप्पणी गर्नुभयो।

"एमाले-कांग्रेस मिलेपछि अब देश अस्थिरताबाट मुक्त भएको छ, स्थिर सरकारको आवश्यकता ठानेर संसद्का दुई ठूला दल एक ठाउँमा उभिएका हुन्, यो अवस्थामा अब अराजकता चाहनेको केही लाग्दैन, विकल्प खोज्ने हो भने संसद्बाट मात्रै सम्भव छ, थप अरु संसदीय विकल्प खोज्ने भए २०८४ को निर्वाचन छदैछ, आमनिर्वाचनबाट जनताको मत लिएर आफूलाई प्रमाणित गर्ने ठाउँ खुला छ", उहाँले भन्नुभयो।

दुई प्रमुख पार्टीको एक्ला एक्लै चुनाव लड्ने प्रतिबद्धता लोकतन्त्र र देशका लागि हितकर हुने उहाँको भनाइ छ। देशको विकास र सुशासनमा साना राजनीतिक दलले अस्थिरता ल्याएको महासचिव पोखरेलको आरोप थियो। अहिले निकै चर्चामा रहेको सहकारी ठगीबारे धारणा राख्दै उहाँले सहकारी क्षेत्रमा सङ्कट देखिनु वित्तीय सङ्कटको प्रभाव रहेको बताउनुभयो।

उहाँले सहकारीले आफ्नो नियम पालना नगर्दा यसको असर बचतकर्तामा परेको भन्दै नियमन गर्ने काममा सरकारको ध्यान केन्द्रित रहेको बताउनुभयो। सहकारीको सदस्य नभएको व्यक्तिलाई लगानी गर्न नमिल्ने भए रास्वपाका सभापति रवि लामिछानेको विषयमा गैरकानुनी रुपमा लगानी भई दुरुपयोग भएको पुष्टि भएको उहाँको भनाइ थियो।

"विना लगानी शेयर प्राप्त गर्नु अनुचित कार्य हो, सहकारीबाट कम्पनीले ऋण लिने विषय पनि अनुचित प्रभाव हो, जहाँबाट ल्याएको हो त्यो सर्तसहित फिर्ता गर्नुपर्ने हो, तर बेइमानी भयो, यसले बचतकर्ताको लगानी खतरामा पर्‍यो, कोही जिम्मेवारी र दायित्वबाट अलग हुन मिल्दैन", उहाँले भन्नुभयो।

सहकारी संस्थाको छानबिन समितिको प्रतिवेदनले गरेको सिफारिसअनुसार जो कोही भए पनि कानुनअनुसार कारबाहीको भागिदार हुनुपर्ने उहाँले बताउनुभयो।

कारबाही सिफारिस भएका व्यक्तिले अहिले 'क्लिन चिट' पाएँ भन्नू अनुसन्धानलाई प्रभावित पार्ने खेल भएको उहाँको भनाइ छ।रासस

# महिलालाई नेतृत्वमा पुग्न धेरै चुनौती छनः परराष्ट्रमन्त्री डा राणा




काठमाण्डु। परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले महिलालाई राजनीतिक होस् या कुनै संस्थागत क्षेत्रको नेतृत्वमा पुग्न अहिले पनि धेरै चुनौती रहेको बताउनुभएको छ।

क या ना डा का टोरन्टोमा आयोजित विश्वका महिला विदेशमन्त्रीहरुको बैठकलाई शुक्रबार सम्बोधन गर्दै उहाँले भन्नुभयो "महिला समानता तथा समावेशी सहभागिताबारे कैयौँ कानुनी प्रावधान छन् र यससम्बन्धी मान्यताहरु पनि विकास भएका छन्, तर पनि महिलालाई नेतृत्वमा पुग्न भने अझै धेरै चुनौती छन्।"

लैङ्गिक समानता एवं महिला अधिकारका विषयमा नेपाल र नेपालजस्ता तेस्रो विश्वका मुलुकहरुले झन् धेरै समस्या झेल्नुपरिरहेको मन्त्री डा राणाको तर्क थियो। "संसारमा महिला वर्गको राजनीतिक, सामाजिक, आर्थिक र कानुनी अवस्थाको विश्लेषण गर्दा हाल संसारमा ११ प्रतिशतभन्दा कम राष्ट्रप्रमुख र १० प्रतिशतभन्दा कम सरकारप्रमुखहरू महिला छन्।

महिलाहरु रोजगारीको ६० प्रतिशत अनौपचारिक अर्थतन्त्रमा केन्द्रित छन् र औसतमा पुरुषभन्दा तीन गुणाभन्दा बढी समय अवैतनिक सेवा र घरेलु काममा महिला रहेका छन्", परराष्ट्रमन्त्री डा राणाले भन्नुभयो।

कानुनी अधिकारको उपभोग एवं न्यायमा पहुँचका आधारमा पनि महिला संसारमै पछि परिरहेको उहाँले बताउनुभयो। उहाँले महिलाहरूले विश्वव्यापी रुपमा पुरुषले पाएका कानुनी अधिकारहरुको ६४ प्रतिशत मात्र अधिकार उपभोग गर्न सकेको अवस्था रहेको जानकारी दिनुभयो।

"मानव अधिकारसम्बन्धी विश्व घोषणापत्रले समान अधिकारको घोषणा गरेको ७६ वर्ष बितिसकेको छ। त्यसयता चारवटा संयुक्त राष्ट्रसङ्घीय सम्मेलन र महिलाका लागि कार्य योजना, सहस्राब्दी विकास लक्ष्यहरूको परिचय र दिगो विकास लक्ष्यजस्ता कार्यक्रम तथा छ वटा लैङ्गिक समानता र महिला सशक्तीकरणसम्बन्धी कार्यक्रम लागू भइसकेका छन्", मन्त्री डा राणाले भन्नुभयो, "यति हुँदा पनि लैङ्गिक समानता एक प्रकारको भ्रमजस्तै बनेको छ। मलाई लाग्छ संसारकै महिला अझै पनि समान सहभागिता र अवसरबाट वञ्चित नै छन्।"

> महिलाहरु रोजगारीको ६० प्रतिशत अनौपचारिक अर्थतन्त्रमा केन्द्रित छन् र औसतमा पुरुषभन्दा तीन गुणाभन्दा बढी समय अवैतनिक सेवा र घरेलु काममा महिला रहेका छन्", परराष्ट्रमन्त्री डा राणाले भन्नुभयो।

उहाँले नेपालमा पनि आफूहरुले निरन्तर रुपमा लैङ्गिक समानताका लागि लडिरहेको उदाहरण सो बैठकमा पेस गर्नुभयो। जसका कारण नेपालका लक्षित नीति र कार्यमा केही सुधार भएको भएको उहाँको भनाइ थियो।

उहाँले भन्नुभयो, "हामीले महिला समानताका लागि लडेको धेरै भयो। संविधानले नै सङ्घीय र प्रादेशिक संसद्मा ३३ प्रतिशत र स्थानीय सरकारमा ४० प्रतिशत महिला सहभागिता अनिवार्य गरेको छ। संविधान जारी भएको एक दशकमा नेपालले राष्ट्रप्रमुख, सभामुख र प्रधानन्यायाधीशमा महिला पाएका छौँ। यसलाई हामीले सकारात्मक रुपमा लिनुपर्दछ।" यस्तै कानुनी प्रावधानकै कारण नेपालको निजामती सेवामा २८ प्रतिशत महिला पुगेका छन् भने राज्यका सुरक्षा निकायमा पनि महिला सहभागिता बढ्दो छ। त्यस्तै निजी क्षेत्रमा भने २९ प्रतिशतभन्दा बढी महिला व्यवस्थापक रहेका उहाँले बताउनुभयो।

नेपालमा पूर्ण लैङ्गिक समानता अहिलेसम्म हासिल हुन नसकेको भए पनि महिला सहभागिता बढ्दै जानु सकारात्मक रहेको उहाँको भनाइ थियो।

मन्त्री डा राणाले भन्नुभयो, "दुर्भाग्यको कुरा त के छ भने हामीमाथि हुने हिंसा र भेदभाव गर्भबाटै सुरु हुन्छ र यसले जीवनभर नै निरन्तरता पाउँछ। यो असमानताको निराकरणका लागि व्यापक र सशक्त प्रयास जरुरी छ। यी प्रयास विश्वस्तरदेखि स्थानीय तहसम्म नै पुर्‍याइनु जरुरी छ। यसका लागि सार्वजनिक र निजी क्षेत्रका सबै सरोकारवालाले सक्रिय भूमिका खेल्नुपर्छ। यस क्षेत्रमा अघि बढ्ने हरेक व्यक्तिका प्रयास परिवर्तनका लागि उत्प्रेरक बन्न सक्नेछन्।"त्यसैले समग्र संसारले नै लैङ्गिक समानता शान्तिपूर्ण र समृद्ध संसारको आधार हो भनेर मनन् गर्नुपर्ने उहाँको तर्क थियो। संसारमा महिला समानता र महिला अधिकारका क्षेत्रमा कानुनी प्रावधानहरुको खाँचो नरहेको तर्क गर्दै मन्त्री डा राणाले ती व्यवस्थाहरुलाई वास्तविक कार्यान्वयनमा उतार्न मानिसका व्यवहारमै परिवर्तन जरुरी रहेकामा जोड दिनुभयो। सो बैठकमा विश्वका १६ देशका महिला विदेशमन्त्री सहभागी छन्। बैठकमा महिला समानता र सहभाागिता, महिला नेतृत्वको विकास, नेतृत्वमा पुग्न महिलाका चुनौती, गलत सूचना र यसले महिलालाई पारिरहेको प्रभाव आदि विषयमा छलफल भएको थियो।रासस

# घटस्थापना अगाडि सडक मर्मत गरिसक्न निर्देशन

काठमाण्डु। दसैं, तिहार र छठ पर्वमा यात्रुलाई सहज रुपमा गन्तव्यस्थलसम्म पुग्नका लागि सडक विभाग अन्तर्गतका सडकलाई घटस्थापना अगाडि मर्मत सम्भार गरिसक्न निर्देशन दिइएको छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा शनिबार बसेको सरकारी प्रतिनिधि सहित यातायात व्यवसायीको बैठकले सडक विभागअन्तर्गत सबै सडक घटस्थापना अगाडि मर्मतसम्भार गरी सञ्चालन गर्न सडक विभागलाई बनाउन यान्त्रिक परीक्षण गरी सम्बन्धित बसपार्कबाट गन्तव्यस्थलसम्म जाने गरी व्यवस्थित गर्ने, वैज्ञानिक भाडा समायोजन एक वर्षदेखि तथा इन्धनको मूल्यबाहेक अन्य कारणले गर्नुपर्ने भाडा समायोजन छठपछि गर्न यातायात व्यवस्था विभागलाई निर्देशन दिने निर्णय भएको छ।

यस्तै, यातायात सुझाव सुधार कार्यादलको प्रतिवेदन कार्यान्वयनको विषयमा तत्काल गर्न सकिने विषयको सम्बोधन गर्ने, यातायात



निर्देशन दिने निर्णय गरेको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका वरिष्ठ उपाध्यक्ष पुण्यप्रसाद सिटौलाले जानकारी दिनुभयो।

बैठकले बिपी राजमार्गका सडक सुरक्षाका लागि पूर्व निर्धारित प्रकारका मात्र सवार ीसाधन चलाउन एवं रात्री सवारी सञ्चालन नगर्ने विषय प्रभावकारी रुपमा लागू गर्न गृह मन्त्रालय, नेपाल प्रहरीलाई अनुरोध गर्ने, यात्रुको यात्रा सुनिश्चित एवम् सुरक्षित गर्न यातायात व्यवस्था विभागसँग छलफल गरी शीघ्र अग्रिम टिकट बुकिङ खुला गर्ने निर्णय गरेको छ।

यात्रा सुरक्षित र सहज व्यवस्थापनसँग सम्बन्धित सम्मानित अदालतबाट भएका आदेश/फैसला कार्यान्वयनका लागि एक महिनाभित्र कार्ययोजना तयार गरी पेस गर्न यातायात व्यवस्था विभागलाई निर्देशन दिने निर्णय भएको छ।

बैठकमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, सचिव केशवकुमार शर्मा, सहसचिव कृष्णराज पन्थ, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष विजयबहादुर स्वाँर, वरिष्ठ उपाध्यक्ष सिटौला, महासचिव डेकनाथ गौतमलगायत सडक विभाग र यातायात व्यवस्था विभागका कर्मचारीको सहभागिता रहेको थियो।रासस

# प्रत्यक्ष निर्वाचित राष्ट्रपति र समानुपातिक निर्वाचन प्रणाली चाहिन्छः अध्यक्ष दाहाल




काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रत्यक्ष निर्वाचित राष्ट्रपति र पूर्ण समानुपातिक निर्वाचन प्रणालीको 'एजेण्डा'लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभएको छ।

अखिल नेपाल ट्रेड यूनियन महासङ्घले शनिबार आयोजना गरेको 'राजनीतिक वैचारिक प्रशिक्षण' मा अध्यक्ष दाहालले संविधान निर्माणका क्रममा फरक मतका रुपमा प्रस्तुत पार्टीको प्रस्तावलाई नै अघि सारिने बताउनुभयो।

वर्तमान संविधानमार्फत जनताले पाएका अधिकार केही शक्तिलाई मननपरेको टिप्पणी गर्दै अध्यक्ष उहाँले संविधान संशोधनका नाममा जनताका अधिकार खोस्न खाजेको आरोप लगाउनुभयो।"अहिलेको संविधान विस्तृत शान्ति सम्झौताको अङ्गको रुपमा रहेकाले शान्ति सम्झौताको एक हस्ताक्षरकर्ता माओवादीको सहमतिबिना गर्न खोजिने संविधान संशोधनको प्रयासप्रति माओवादी केन्द्रको सहमति छैन। हाम्रो सहमतिबिना संविधान संशोधन गर्ने अधिकार कसैलाई छैन " उहाँले भन्नुभयो।

इमान्दर भएर संविधान संशोधनको प्रयास भएमा आफूहरु त्यसका लागि तयार हुने पनि उहाँले स्पष्ट गर्नुभयो। अग्रगमनमा लागिसंविधान संशोधनको सबैभन्दा बढी आवश्यकता माओवादी केन्द्रलाई नै भएको उहाँको कथन थियो।

प्रत्यक्ष कार्यकारी निर्वाचित राष्ट्रपतिसहित पूर्ण समानुपातिक निर्वाचन प्रणाली पनि आवश्यक भएको उहाँले बताउनुभयो। "अहिले जसरी राजनीतिक भ्रष्टाचार बढिरहेको छ, यो निर्वाचन प्रणालीका कारणले हो" अध्यक्ष दाहालले भन्नुभयो- "एउटा पालिकामा चुनाव जित्न करोड, प्रदेशमा दश करोड र सङ्घमा पचास करोड खर्च गर्नुपर्ने अवस्थाले जितेर आउने प्रतिनिधि जनताको काम होइन, भ्रष्टाचार गरेर चुनाव खर्च उठाउनेतर्फ लागेको देखियो।

भ्रष्टाचारको मुहान सुकाउने हो भने निर्वाचन प्रणाली बदलेर त्यसलाई पूर्ण समानुपातिक बनाउनुपर्छ।"

करोडौँ खर्च गरेर सांसद र मन्त्री बन्ने अभ्यासप्रति विमति जनाउँदै अध्यक्ष दाहालले प्रत्यक्ष निर्वाचित राष्ट्रपतिले मन्त्रिमण्डल बनाउने र सांसदहरु कानुन निर्माणमा मात्रै लाग्ने, मन्त्री बन्न नपाउने निर्वाचन प्रणालीले मात्र भ्रष्टाचार रोक्न सकिने उहाँको तर्क थियो।आफूहरु अनियमिताविरुद्ध खबरदारी गर्दै सरकारबाट बाहिरिएको र सरकारमा रहँदा भ्रष्टाचारका खिलाफ एकपछि अर्को अभियान चलाएकाले नै माओवादी केन्द्रप्रति जनभरोसा बढेको बताउनुभयो।

उहाँले मजदूरको तर्फबाट पार्टी नेतृत्वमा १० प्रतिशत प्रतिनिधित्व, श्रमिकको न्यूनतम ज्याला वृद्धि, श्रम ऐन संशोधन, सामाजिक सुरक्षा कार्यक्रम प्रभावकारी बनाउने, महङ्गी भत्तालगायत मजदुर सङ्गठनका माग जाजय भएको र पार्टीबाट पूरा गर्न सकिने जति पार्टीबाट र सरकारबाट गर्नुपर्ने कामका लागि सङ्घर्ष गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। पार्टीले अघि सारेको सुशासन, सामाजिक न्याय र समृद्धिको अन्तर्य समाजवादी क्रान्तिको तयारी नै भएको उल्लेख गर्दै अध्यक्ष दाहालले समाजवादी क्रान्तिबाट मात्र मजदुर, किसानलगायत श्रमिक वर्गको हितको रक्षा हुने बताउनुभयो।

माओवादी नेत्री एवम् मजदुर विभाग प्रमुख जयपुरी घर्तीले श्रमिक वर्गको हितका लागि प्रष्ट कार्ययोजनाका साथ अगाडि बढ्नुपर्ने बताउनुभयो। महासङ्घका अध्यक्ष जगत् सिम्खडाले श्रमजीवी मजदुरको पक्षमा धेरै काम गर्न बाँकी रहेको भन्दै एकीकृत रूपमा सङ्घर्ष गर्नुको विकल्प नभएको बताउनुभयो।रासस


## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मितिः २०८१/०६/०६ गते)

यस संस्थाको तपशिलमा उल्लेखित ऋणी सदस्यले उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जाना रकम तिर्न बुझाउनुपर्ने हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा बुझाउन बारम्वार तरताकेता गर्दा समेत ऋणीले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जाना, तथा दैदस्तुर रकम समेत चुक्ता, भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थालाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जाना समेत बुझाउनुहुन सम्बन्धित ऋणी सदस्य, धितो धनि र जमानीकर्ताहरुलाई समेत सुचित गरिन्छ। यो म्यादभित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तानी नगरेमा ऋण लिदा यस संस्थालाई लेखाइ दिएको धितो लिलाम विक्रि गरी यस संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस संस्था को सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथमकथाचित धितोवाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी सदस्यको वा निजहरुको एकाघर सगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीवाट सहकारी ऐन, तथा नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी सदस्य तथा जमानीकर्ताहरुलाई कालोसूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराईन्छ।

तपशिल

**ऋणी सदस्यको नामः कारो देवी**
**ठेगानाः बफै-07**

ऋणी तथा जमानीकर्ता तथा घरपरिवारको विवरण

| | |
|---|---|
| १) नामः कारो देवी (ऋणी)<br>श्रीमानः रामलखन दास तत्मा<br>सासुराः सिताई दास तत्मा<br>ना.प्र.नं.: ०८०८०७६६<br>ठेगानाः बफै-०७  | ४) नामः रामलखन दास तत्मा (जमानीकर्ता)<br>बावु : सिताई दास तत्मा<br>बाजेः आनन्द दास<br>ना.प्र.नं.: १७०८०८०७६५<br>ठेगानाः पचहर्वा-०७  |
| २) नामः धरमलाल दास (छोरा)<br>बाबुः रामलखन दास<br>बाजेः सिताई दास तत्मा<br>ना.प्र.नं.: १७१०३९/२<br>ठेगानाः बफै-०७ | ५) नामः विवेका आनन्द दास (जमानीकर्ता)<br>बाबुः रामलखन दास<br>बाजेः सिताई दास तत्मा<br>ना.प्र.नं.: १७१०३९/१६२<br>ठेगानाः बफै-०७  |
| ३) राजन लाल दास (छोरा)<br>बाबुः रामलखन दास<br>बाजेः सिताई दास तत्मा<br>ना.प्र.नं.: ११०३९/७७<br>ठेगानाः बफै-०७ | |

धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :
श्री सिताई दास तत्माको बुहारी श्री रामलखन दासको श्रीमती कारो देवी धनुषा जिल्ला गा.वि.स/न.पा.बफै वडा नं. ०९ को किता नं. ६९६ को क्षेत्रफल ०-४-१३-० जग्गा।

**ऋणी सदस्यको नामः अनिल कुमार रजक**
**ठेगानाः सुगानिकास-03**

ऋणी तथा जमानीकर्ता तथा घरपरिवारको विवरण

| | |
|---|---|
| १) नामः अनिल कुमार रजक(ऋणी)<br>बाबुको नामः रामनारायण रजक<br>बाजेको नामः जगदिश रजक<br>ना.प्र.नं.: ९०५७२४३८<br>ठेगानाः जनकपुरधाम-०४  | ४) नामः गिता देवी रजक (जमानीकर्ता)<br>श्रीमानको नामः जगदिश रजक<br>सासुराको नामः मोजै रजक<br>ना.प्र.नं.: ७५५/८०५७०१७१<br>ठेगानाः सुगानिकास-०२  |
| २) नामः कविता देवी रजक<br>श्रीमानः अनिल कुमार रजक<br>सासुराः रामनारायण रजक<br>ना.प्र.नं.: १७१०६७/५८७<br>ठेगानाः जनकपुरधाम-०४  | |

**रोयल बचत तथा ऋण सहकारी संस्था लि.**
जनकपुरधाम -०२, भानु चौक

# तिरुपति मन्दिरको प्रसादमा दिइने लड्डुमा ‘बोसो मिसाइएको’ दाबीको वास्तविकता के हो?

बीबीसी

काठमाण्डु । भारतको आन्ध्रप्रदेशस्थित हिन्दूहरूको प्रसिद्ध तीर्थस्थल तिरुपति मन्दिरको प्रसादका रूपमा दिइने लड्डुमा बोसो मिसाइएको भन्ने दाबी सार्वजनिक भएपछि त्यसले धेरैलाई स्तब्ध बनाएको छ।

आन्ध्र प्रदेशका मुख्यमन्त्री चन्द्रबाबु नायडूले यसअघिको सरकारका पालामा लड्डु बनाउन शुद्ध घिउको सट्टा जनावरको बोसो मिसिएको घिउ प्रयोग गरेको आरोप लगाएपछि विवाद उत्पन्न भएको थियो।सत्तारुढ तेलुगु देशम पार्टी (टीडीपी)ले लगाएको आरोपको पूर्व मुख्यमन्त्री जगन मोहन रेड्डीको पार्टीले खण्डन गरेको छ।त्यस विषयमा भारतको केन्द्रीय सरकारको नेतृत्व गरिरहेको भारतीय जनता पार्टी ‘भाजपा’लगायत कैयौँ राजनीतिक दलहरूले प्रतिक्रिया जनाएका छन्।



## मन्दिर प्रशासनले के भन्यो?

तिरुमला तिरुपति देवस्थानम ‘टीटीडी’का कार्यकारी अधिकृत श्यामला रावले मिसावटको पुष्टि गरेका छन्। तिरुमलामा प्रसादको लागि धेरैजसो घिउको प्रयोग गर्ने गरिएको छ।यसअघि वनस्पति घिउ मात्रै मिसाइने पाइएको दाबी गरेका रावले पछिल्लो पत्रकार सम्मेलनमा बोसोको मात्रा पनि पाइएको बताएका हुन्।

आन्ध्र प्रदेशमा नयाँ सरकार गठनसँगै उनलाई मन्दिर व्यवस्थापन गर्ने कार्यालयको कार्यकारी अधिकृत बनाइएको थियो। मन्दिर व्यवस्थापनको कार्यभार सम्हालेपछि मुख्यमन्त्रीसँगको भेटमा प्रसादको गुणस्तरबारे ध्यान दिन भनिएपछि आफूले त्यसबारे चासो राखेको उनले बताएका छन्। मन्दिरमा घिउको आपूर्ति गर्दै आएका पाँच कम्पनीमध्ये एउटाको गुणस्तरबारे प्रश्न उठेपछि उक्त कम्पनीलाई कालोसूचीमा राखिएको रावले जानकारी दिएका छन्।

उनले उक्त कम्पनीलाई कानुनी कारबाही गर्नेबारे पनि परामर्श भइरहेको बताएका छन्।तमिलनाडुको एआर डेरी फुड्स कम्पनीबाट मगाइएको १० ट्याङ्कर घिउमध्ये छ ट्याङ्कर घिउ प्रयोग भइसकेपछि चार ट्याङ्करको नमुना परीक्षणको प्रतिवेदनमा मिसावट देखिएपछि फिर्ता पठाइएको ती अधिकारीले बताएका छन्।तर एआर डेयरी फुड्सले एक विज्ञप्ति जारी गर्दै शुद्ध घिउ दिइएको दाबी गरेको छ।

## बोसो मिसाइएको भन्ने आधार के हो?

मन्दिर व्यवस्थापन गर्ने कार्यालय ‘टीटीडी’ले केही घिउको नमुना परीक्षणका लागि गुजरातको राष्ट्रिय दुग्ध विकास बोर्डको प्रयोगशालामा पठाएको थियो। उक्त प्रयोगशालाको प्रतिवेदनमा घिउमा ‘एस भ्यालु’ कहिले बढी र कहिले कम देखिएको थियो। त्यसको विश्लेषणबाट बोसो मिसाइएको निष्कर्ष अधिकारीहरूले निकालेका थिए।

पाँच वटा मापदण्डका आधारमा गरिएका परीक्षणमध्ये सबै मापदण्डमा घिउको नमुनामा मिसावट रहेको देखिएको थियो। प्रयोगशालाले वनस्पतिको तेल र जनावरको बोसो दुवै मिसावट भएको प्रतिवेदन दिएको बताइएको छ।बीबीसीले प्रयोगशाला प्रतिवेदन हेरेका दुई जना विश्लेषकहरूसँग कुरा गरेको छ। त्यसमध्ये एक जनाले नाम उल्लेख नगर्ने सर्तमा प्रतिवेदनका आधारमा घिउमा पाम आयल वा गाईको बोसोमध्ये के मिसाइएको हो भन्ने प्रस्ट नभएको बताए।

“आपूर्ति गर्ने कम्पनीसँग यति ठूलो मात्रामा गाईको दूध सङ्कलन गर्ने व्यवस्था छैन। यसबाहेक यसको मूल्य निकै कम छ। त्यसैले मिसावट भएको हुनुपर्छ। तर मिसावट के हो भन्न सकिन्न,” उनले भनेका छन्। उनले सरकारी डेरी उत्पादकले त्यति सस्तो मूल्यमा घिउ उपलब्ध गराउन नसकिने जानकारी मन्दिर व्यवस्थापनलाई गराए पनि टीटीडीका तत्कालीन अध्यक्षले त्यसलाई बेवास्ता गरेको दाबी गरे। अर्का विज्ञले उक्त प्रतिवेदनका आधारमा जनावरको बोसो मिसावट भएको हो वा होइन भन्न नसकिने बताए।

“भारतमा सामान्यतः घिउमा पाम आयल मिसाइन्छ। तर टीटीडीको हकमा के भयो म ठ्याक्कै भन्न सक्दिनँ,” उनले बीबीसीसँग भनेका छन्।उनका अनुसार दुध दुहुने गाईलाई पाम आयल, कपासको तेल, रेपसीड आयल मिसाइएको आहारा दिइएको अवस्थामा त्यसको दूधबाट बनेको घिउमा यस्तो नतिजा देखिन सक्छ।“यदि कुनै गाईलाई बढी पौष्टिक आहारा दिइन्छ वा कुपोषित छ भने त्यसको दूधमा पनि यी तत्त्वहरू पाइन्छन्,” उनले भनेका छन्।

गाइको दूधबाट कुनै विशेष तरिकाले कोलेस्ट्रोललाई हटाइयो भने पनि घिउको परीक्षण नतिजा यस्तो आउन सक्ने ती विज्ञको दाबी छ।प्रतिवेदनमा परीक्षण नतिजा गलत पनि हुन सक्ने भनिएको छ।यसअघि पनि मन्दिर व्यवस्थापनले गुणस्तर नपुगेको भन्दै कैयौँ ट्याङ्कर घिउ फिर्ता गरेको विवरण सार्वजनिक भएका छन्।तर वर्तमान कार्यकारी अधिकृत श्यामला रावले यसअघि के आधारमा फिर्ता पठाइयो भन्ने आफूलाई थाहा नभएको बताए।

## के कम मूल्य मूल कारण हो?

अघिल्लो सरकारले घिउ खरिदका लागि बोलपत्र आह्वान गर्दा प्रतिकिलो ३१९ भारतीय रुपैयाँका दरले गाईको घिउ उपलब्ध गराउने सहमति भएको थियो।

तर धेरै विज्ञहरूले यो मूल्यमा गाईको घिउ उपलब्ध गराउन नसकिने बताएका छन्।अहिले टीटीडीले पनि यो कुरा स्वीकार गरेको छ। अहिले नन्दिनी कम्पनीले प्रतिकिलो ४७५ भारतीय रुपैयाँमा घिउ आपूर्ति गरिरहेको छ ।यसबाहेक अन्य कम्पनीबाट पनि घिउ खरिद भइरहेको छ। सेप्टेम्बर ४ देखि टीटीडीले कर्नाटक दूध महासङ्घबाट घिउ खरिद गर्न सुरु गरेको छ।श्यामला रावले थप सर्तहरू राखेर घिउ खरिद गर्नका लागि बोलपत्र आह्वान भइरहेको बताए।

## प्रसादमा राजनीति

प्रसादको गुणस्तरलाई लिएर एकातिर भक्तजनको भावनामा ठेस पुगेको छ भने अर्कोतिर यस विषयमा राजनीति पनि सुरु भएको छ।तिरुमला ट्रेड युनियनका नेता सैद मुरलीले यदि घिउको गुणस्तर राम्रो नहुँदा विगतमा पनि फिर्ता गरिएको भन्दै यो विषयलाई विपक्षीमाथि लाञ्छना लगाउन प्रयोग गर्न नहुने बताए । तेलुगु देशम पार्टीका नेता ओभी रमनले कर्नाटकबाहेक अन्य राज्यमा घिउ उपलब्ध गराउन पर्याप्त सङ्ख्यामा गाई नभएको बताए।

“दूरीका कारण पञ्जाबबाट पनि घिउ ल्याउन मुस्किल छ। कर्नाटक डेरी (नन्दिनी) बाट घिउ बन्द गरेर निजी कम्पनीबाट सस्तो मूल्यमा खरिद गर्दा समस्या सुरु भएको हो,” उनले भने।मन्दिरमा घिउ आपूर्तिको ठेक्का पाउन डेरीसँग दुई लाख ५० हजार लिटर दूध प्रशोधन गर्ने क्षमता हुनुपर्छ।अब टीटीडीले आफ्नै प्रयोगशाला बनाएर घिउको परीक्षण गर्ने बताएको छ। पूर्व मुख्यमन्त्री जगनमोहन रेड्डीले अहिलेका मुख्यमन्त्री चन्द्रबाबु नायडूको १०० दिनको शासन राम्रो नभएका कारण ध्यान मोड्नका लागि उनले यो मुद्दा उठाएको आरोप गाएका छन्।

“टीटीडीको घिउ सङ्कलन गर्ने आफ्नै स्थापित विधि छ। उसले बिग्रेको घिउ फिर्ता गर्छ। त्यहाँ तीन पटक परीक्षण पछि मात्रै घिउ प्रयोग गरिन्छ। विगतमा पनि चन्द्रबाबुको कार्यकालमा १४-१५ ट्याङ्कर र हाम्रो कार्यकालमा १८ ट्याङ्कर घिउ फिर्ता गरेका छौँ। यो सामान्य प्रक्रिया हो,“ उनले भनेका छन्।भाजपा, जनसेना, कांग्रेस लगायत प्रमुख दलका नेताहरूले घिउमा भएको दाबी गरिएको मिसावटको विषयमा विस्तृत अनुसन्धान गर्न माग गरेका छन्।

## यसअघि पनि भएको थियो लड्डुबारे विवाद

सेप्टेम्बरको सुरुबाट लाड्डु लिन कुपन देखाउने व्यवस्था गरिएको छ।सबैलाई एउटा लड्डु सित्तैमा दिइन्छ। त्यसबाहेक थप एउटा लड्डु लिन चाहनेले ५० रुपैयाँ भारु तिर्नुपर्छ। मन्दिरमा भक्तजनका लागि ७,५०० सय वटा ठूला लड्डु र ३,५०० सय वडा बनाउने गरिन्छ।

सन् २००८ सम्म कसैले एउटा लड्डुबाहेक प्रसाद चाहियो भने २५ भारतीय रुपैयाँमा दुई वटा लड्डु दिइन्थ्यो। यसपछि मूल्य बढाएर ५० रुपैयाँ भारु पुर्‍याएपछि विवाद भएको थियो।गत वर्ष लड्डु बनाउने मानिसहरू भर्तीका लागि निकालिएको सूचनामा ब्राह्मणहरूलाई मात्र लिइने सर्त राखिएपछि पनि विवाद भएको थियो। इतिहासकार गोपी कृष्ण रेड्डीले लड्डु बनाउन कुनै जातिलाई निषेध गर्ने विगतमा अभ्यास नभएको बीबीसीसँग बताएका छन्।यसअघि ईसाई र मुस्लिमहरू पनि मन्दिर व्यवस्थापन कार्यालयमा भएको र अझै पनि हुन सक्ने उनी ठान्छन्।

## मन्दिर र लड्डुको इतिहास

शेषाचालम पर्वतमा अवस्थित तिरुमला तिरुपति देवस्थान विश्वको सबैभन्दा धनी तीर्थस्थल मध्ये एक हो। यो तीर्थयात्रा शेषाचालम पर्वतमा छ।भगवान् बैङ्कटेश्वरको यो मन्दिर राजा तोन्डमनले बनाएका थिए। पछि चोल, पाण्ड्य र विजयनगरका राजाहरूले पनि यस मन्दिरका लागि योगदान पुर्‍याए। मन्दिरको प्राणप्रतिष्ठा ११औँ शताब्दीमा रामानुजाचार्यले गरेका थिए।यहाँ चढाइएको सुनको विषयमा प्रायः समाचारहरू आउने गरेका छन्। मन्दिरमा हरेक दिन औसतमा एक लाखभन्दा बढी भक्तजनहरूले पूजा र दान गर्ने गरेको बताइन्छ।

मन्दिरको दानपेटीमा लाखौँ रुपैयाँसहित गहना चढाउनेको कमी छैन।

भगवान् बैङ्कटेश्वरले पद्मावतीसँग विवाह गर्ने योजना बनाउँदा पैसाको अभाव भएकोले धनका देवता कुबेरकहाँ गएर एक करोड रुपैयाँ र एक करोड सुनको सिक्का मागेको धार्मिक मान्यता छ।भगवान् बैङ्कटेश्वरसँग त्यो ऋण अझै पनि बाँकी रहेको र भक्तजनहरूले उदारतापूर्वक दान दिएर सो ऋणको ब्याज तिर्न सहयोग गर्ने गरेको विश्वास गरिन्छ। तिरुमला मन्दिरमा हरेक वर्ष करिब एक टन सुन चढाइन्छ। मुख्य मन्दिर परिसर बलियो पर्खालले घेरिएको छ र मन्दिर भित्र फोटो खिच्न अनुमति छैन।

अहिले चर्चामा रहेका लड्डु मन्दिरको गोप्य भान्छामा तयार पारिन्छन्। यो भान्सालाई पोट्टु भनिन्छ।तिरुमला तिरुपति देवस्थानमका अधिकारीहरूका अनुसार भक्तजनहरूलाई लड्डु, वडा, अप्पम, मनोहरम, जेरी जस्ता प्रसाद वितरण गरिन्छ।यीमध्ये, लड्डु सबैभन्दा पुरानो र लोकप्रिय प्रसाद हो। प्रसादका रूपमा दिने चलन ३०० वर्षदेखि चलिआएको बताइन्छ।सन् २००९ मा तिरुपति लड्डुलाई भौगोलिक सङ्केत दिइएको थियो। यहाँको लड्डु चना, मखन, चिनी, काजु, किसमिस र अलैँचीबाट बनाइन्छ।

# श्रीलङ्कामा आर्थिक मन्दीपछि पहिलोपटक मतदान

एएफपी

कोलम्बो। श्रीलङ्काले आर्थिक सङ्कट माथिको सावधानीपूर्ण अवतरणपछि श्रीलङ्कामा अन्तर ाष्ट्रिय मुद्रा कोषको मितव्ययिता योजनामा प्रभावकारी जनमत संग्रहमा शनिबार राष्ट्रपतिका लागि मतदान सुरु भएको छ।



राष्ट्रपति रनिल विक्रमासिङ्घेले अर्थतन्त्रलाई स्थिर बनाउन र महिनौंसम्मको खाद्यान्न, इन्धन र औषधिको अभावको अन्त्य गर्ने श्रेय दावी गर्दै नयाँ जनादेशका लागि निर्वाचनको घोषणा गर्नुभएको थियो । सन् २०२२ मा मन्दीका कारण आक्रान्त बनेका नागरिकले तत्कालिन निर्वाचित राष्ट्रपति विरूद्ध आन्दोलित भएपछि देश छोडेर भाग्नुभएको थियो भने विक्रमासिङ्घेले सङ्कटका समयमा देशलाई नेतृत्व गरेर थलिएको अर्थतन्त्रलाई सम्हाल्दै झण्डै सङ्कटग्रस्त हुनु पहिलेको अवस्थामा पुर्‍याउनुभएको छ।

विक्रमासिङ्घेको कर वृद्धि गर्ने र राज्यले नागरिकका लागि दिएका अन्य सुविधाहरूलाई कसिलो पार्दै दातृ निकाय र यसमा पनि खासगरी आइएमएफको बेलआउटको सर्तहरू प्रा गर्दा नागरिकहरू उहाँसँग खुशी छन् वा छैनन् यो निर्वाचनले निर्णय दिनेछ। उहाँ सङ्कटका समय नेतृत्व गरेको र देशलाई थप वर्वादीत् जानबाट रोक्न सकेकोमा आफु बिजयी हुनेमा आशावादी हुनुहुन्छ। चुनावमा विक्रमासिङ्घेले अनुरा कुमार दिसानायका लगायतका शक्तिशाली सीमान्त मार्क्सवादी पार्टीका नेता सँग कसिलो प्रतिस्पर्दा गर्नु पर्ने आकंलन गरिएको छ।

विज्ञहरूका अनुसार श्रीलङ्काको अर्थतन्त्र अझै पनि कमजोर छ। यहाँको ४६ अर्ब विदेशी ऋणको भुक्तानीको समय सन् २०२२ पछि सरकारी प्रतिवद्धता अनुसार फेरी आएको छ । विक्रमासिङ्घेले निर्वाचित भएमा आफ्नो तपस्याबाट आएको कार्यक्रमलाई अगाडि बढाउने र आईएमएफसँगको सहकार्यमा कुनै विचलनतिर जान नदिने बताउनुभएको छ।“निर्वाचन धेरै हदसम्म विक्रमासिङ्घेको सरकारले कसरी आर्थिक सङ्कट र आगामी सुधारलाई ह्यान्डल गरेको छ भन्नेमा जनमत सङ्ग्रह हुनेछ,” अन्तर ाष्ट्रिय सङ्कट समूहले यस हप्ताको एक रिपोर्टमा भनिएको छ।

चुनावमा जम्मा ३९ जना उम्मेलवारले प्रतिस्पर्धा गरिरहेका छन् ।चुनावमा एक करोड ७० लाख भन्दा बढी मानिसहरू मतदान गर्न योग्य छन् । मतदान केन्द्र तथा गणना केन्द्रहरूको सुरक्षाका लागि ६३ हजार भन्दा बढी प्रहरी तैनाथ गरिएको छ ।चुनाव अवधिमा कुनै पनि समस्या भएमा सुरक्षा टोलीहरू पनि तयार रहेको जनाउदै हाल सम्म शान्तिपूर्ण रुपमा मतदान भइरुहेको प्रहरी प्रवक्ता निहाल तल्डुवाले बताउनु भएको छ।

यसै बीच केही क्षेत्रका मतदान केन्द्रमा जङ्गली जनावरबाट सुरक्षित आभास गराउन प्रहरी परिचालन गर्नुपरेको उहाँले बताउनु भएको छ। कोलम्बोमा मतदान सुरु हुनु अघि दर्जनौं मानिसहरू मतदान केन्द्र बाहिर लामबद्ध थिए भने राजधानीमा कडा सुरक्षाको व्यबस्था मिलाइएको छ। मतदान स्थानीय समय अनुसार बेलुका चार बजे सम्म चल्ने र गणना शनिवार साँझ देखि नै सुरु हने जनाइएको छ। आइतबार नतिजा आउने अपेक्षा गरिएको छ।

# भारतको मणिपुरमा म्यानमाबाट नौ सय सन्दिग्ध व्यक्तिहरु प्रवेश गरेको सुचना

एएफपी

नयाँ दिल्ली । युद्धग्रस्त म्यानमाबाट नौ सय सन्दिग्ध आतङ्कवादी भारतको मणिपुर राज्यमा प्रवेश गरेको खबरपछि भारतको उत्तरपूर्वी सीमामा सुरक्षा बललाई उच्च सतर्कता अपनाउन निर्देशन दिइएको एक सुरक्षा अधिकारीले बताउनुभएको छ।



मणिपुरलाई जातीय परिक्षेत्रमा विभाजन गर्दै मुख्यतया हिन्दू मेइतेई बहुमत र इसाई कुकी समुदायबिच एक वर्षभन्दा बढी समयदेखि आवधिक झडपले अशान्त बनाएको छ । पहाडमा बसोबास गर्ने कुकीहरूको म्यानमाका आदिवासी जनसङ्यासँग सांस्कृतिक, पारिवारिक र धार्मिक सम्बन्ध रहेको छ जहाँ सन् २०२१ मा सत्ता कब्जा गरेदेखि दर्जनौँ सशस्त्र समूहहरूले सेनासँग लडिरहेका छन् ।


मणिपुर सरकारका सुरक्षा सल्लाहकार कुलदिप सिंहले शुक्रबार स्थानीय गुप्तचर निकायबाट सन्दिग्ध आतङ्कवादीहरूले सम्भावित सीमा पार गरेको सुचना प्राप्त गरेको पुष्टि गर्नुभएको छ। सिंहले सीमा चौकीलाई “सतर्क” गरिएको र सुरक्षा बलले दुर्गम क्षेत्रमा “कम्बाइङ अपरेसन” सञ्चालन गर्ने बताउनुभयो । महिनौंको सापेक्ष शान्तिपछि, यस महिना मणिपुरमा विद्रोही समूहबीच रकेट र ड्रोन आक्रमण हुँदा कम्तिमा ११ जनाको मृत्यु भएको छ।

गत हप्ता मेइतेई प्रदर्शनकारीहरूले कुकी समुदायलाई पछिल्लो आक्रमणको दोषी ठहराउदै उनीहरु विरुद्ध कारबाहीको माग गर्दै राज्यको राजधानी इम्फाल हुँदै विरोध प्रदर्शन गरेका थिए। मेइतेई र कुकी समुदायबीच भूमि र सार्वजनिक रोजगारीको विषयमा लामो समयदेखि तनाव चलिरहेको छ । सरकारी तथ्याङ्कअनुसार दुई समुदायबीचको द्वन्द्वका कारण लगभग ६० हजार मानिस आफ्नो घर छोड्न बाध्य भएका छन् भने कम्तिमा दुई सय जनाको मृत्यु भएको छ।

# लेबनान उपकरण विस्फोट अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन भएको राष्ट्रसंघको दाबी

एएफपी

संयुक्त राष्ट्रसङ्घ ।संयुक्त राष्ट्र सङ्घले शुक्रबार लेबनानमा हेजबुल्लाहले प्रयोग गर्ने सञ्चार उपकरणको विस्फोट युद्ध अपराध हुन सक्ने बताएको छ।



इरान समर्थित हेजबुल्लाह समूहले प्रयोग गरेको सञ्चार उपकरणलाई लक्षित गरी मङ्गलबार र बुधबार भएको विस्फोटमा कम्तीमा ३७ जनाको मृत्यु भएको थियो भने करिब ३ हजार जना घाइते भएका थिए। ’पेजर’ र ’वाकी-टकी’ विस्फोट हुँदा केही प्रयोगकर्ताहरू सुपरमार्केटमा किनमेल गरिरहेका थिए भने कोही सडकमा हिँडिरहेका थिए। लगातारको विस्फोटको लहरले देशमा आतङ्क निम्त्याएको थियो।

“अन्तर्राष्ट्रिय मानवीय कानूनले स्पष्ट रूपमा बुबी-ट्र्याप उपकरणको प्रयोगलाई निषेध गर्दछ”, मानव अधिकारका लागि संयुक्त राष्ट्रसङ्घका उच्चायुक्त भोल्कर टर्कले अल्जेरियाले अनुरोध गरेको लेबनानमा आपतकालीन सत्रमा सुरक्षा परिषदमा भन्नुभयो। “नागरिकहरूमा आतङ्क फैलाउने उद्देश्यले हिंसा गर्नु युद्ध अपराध हो”, उहाँले “स्वतन्त्र र पारदर्शी” अनुसन्धानका लागि आफ्नो आह्वान दोहोर्‍याउँदै भन्नुभयो।

लेबनानी अधिकारीले आक्रमणका लागि इजरायललाई दोष दिएका छन् र लक्षित सञ्चार उपकरणहरूमा देशमा प्रवेश गर्नु अघि बुबी-ट्र्याप जडान गरिएको बताएका छन्। हेजबुल्लाहले इजरायलसँग प्रतिशोध लिने वाचा गरेको छ र विस्फोटको आफ्नै आन्तरिक अनुसन्धान सुरु गरेको छ। सुरक्षा परिषद्मा बोल्दै लेबनानका शीर्ष कूटनीतिज्ञ अब्दल्लाह बोउ हबीबले आक्रमणलाई युद्धको अभूतपूर्व तरिकाको रुपमा व्याख्या गर्नुभएको छ।

“इजरायलले यस आतङ्कवादी आक्रमणको माध्यमबाट अन्तर्राष्ट्रिय मानवीय कानूनको आधारभूत सिद्धान्तको उल्लङ्घन गरेको छ”, उहाँले बताउनुभयो । इजरायलले उपकरण विस्फोटबारे कुनै टिप्पणी गरेको छैन । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसका प्रवक्ता स्टेफन डुजारिकले शुक्रबार बेरुतमा इजरायली आक्रमणपछि लेबनान-इजरायल सीमामा बढेको तनावबारे राष्ट्रसङ्घ चिन्तित रहेको बताउनुभयो। उहाँले सबै पक्षलाई अधिकतम संयमता अपनाउन आह्वान गर्नुभएको छ।

# बेरुतमा भएको इजरायली आक्रमणमा शीर्ष हेजबुल्लाह कमान्डरको मृत्यु

एएफपी

बेरुत ।लेबनानको बेरुत गढमा शुक्रबार भएको आक्रमणमा १४ जनाको मृत्यु हुनुका साथै दर्जनौं घाइते भएको जनाउदै आक्रमणमा हेजबुल्लाहको एलिट युनिटका कमान्डरकोसमेत मृत्यु भएको इजरायलले जनाएको छ।सन् १९८३ मा बेरुत स्थित अमेरिकी दूतावासमा भएको विस्फोटमा संलग्न भएको आरोपमा अमेरिकाले खोजिरहेका इब्राहिम अकीलले इरान समर्थित उग्रवादी समूहको नेतृत्व गरिरहनु भएको थियो।



हेज्बुल्लाहले शुक्रबार राति अकील इजरायली आक्रमणबाट मारिएको पुष्टि गर्दै एक महान नेता को रूपमा प्रशंसा गरेको छ।एएफपिटिभी फुटेजले उद्धारकर्मीहरू आक्रमणको केही समयपछि विभिन्न उपकरणको साथ खोजी कार्यमा तल्लिन रहेको देखाएको छ ।गाजामा युद्ध सुरु भएदेखि हेज्बुल्लाहका वरिष्ठ कमाण्डरको हत्याको भएको यो दोस्रो घटना हो। गत जुलाईमा भएको आक्रमणमा शीर्ष अपरेसन प्रमुख फुआद शुक्रको ज्यान गएको थियो।

राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसका प्रवक्ता स्टेफन डुजारिकले यस घटना लगायत बढ्दो तनावका बारेमा चिन्ता व्यक्त गर्दै सम्बन्धित सबै पक्षलाई अधिकतम संयमता अपनाउन आह्वान गर्नु भएको छ ।इजरायली सेनाले अकीललाई लक्षित गरी आक्रमण गरेको जनाएको छ, जसमा अन्य दश जना वरिष्ठ कमान्डर हरुकोसमेत मृत्यु भएको छ।

हेज्बुल्लाहको नजिकको एक स्रोतका अनुसार अकील घटनाको क्रममा “कमान्डरहरूसँगको बैठकमा हुनु हुन्थ्यो ।लेबनानको स्वास्थ्य मन्त्रालयले आक्रमणमा कम्तीमा १४ जनाको मृत्यु हुनुका साथै अन्य ६६ जना घाइते भएको जनाउदै मृतकको सङ्ख्या बढ्न सक्ने उल्लेख गरेको छ ।दूतावासमा विस्फोटको नाइकेका रूपमा वर्णन गर्दै अमेरिकाले अकीलको बारेमा जानकारी दिनेलाई सात मिलियन डलर पुरस्कारको प्रस्ताव गरेको थियो।

# जापानमा बाढीपहिरोका कारण एकको मृत्यु, सात बेपत्ता

एएफपी

टोकियो। जापानको भूकम्प प्रभावित क्षेत्र इशिकावामा भारी वर्षाका कारण आएको बाढी र पहिरोमा परि शनिबार एक जनाको मृत्यु हुनुका साथै कम्तिमा सात जना बेपत्ता भएको अधिकारीहरूले बताएका छन्। सरकारले विज्ञप्ति मार्फत घटनाको पुष्टि गरेको छ। बाढीका कारण वाजिमामा भूकम्प प्रभावित सडक मर्मत गरिरहेका अन्य चार जना पनि बेपत्ता भएको भुमि मन्त्रालयका अधिकारी कोजी यामामोटोले बताउनु भएको छ ।

जापानको क्योडो समाचार एजेन्सीले वाजिमामा दश जना बेपत्ता भएको जनाएको छ ।इशिकावा सरकारका अनुसार बाढीका कारण धेरै भवनहरू डुबानमा परेका छन् सडक अवरुद्ध छ भने करिब छ हजार घरहरू बिजुली विहीन भएका छन् प्रभावित क्षेत्रका केही मानिसहरु सञ्चार सेवा विहिन भएको अपरेटरहरूले बताएका छन्। बाढी पहिरोको खतराको बीच वजिमामा र सुजुका साथै नोटो सहरका बासिन्दाहरूलाई घर छोडेर सुरक्षित स्थानमा जान आदेश दिएको अधिकारीहरूले बताएका छन्।

इशिकावाको निगाता र यामागाता प्रान्तका बासिन्दाहरूलाई सुरक्षित स्थानमा जान आदेश दिएको विपद् व्यवस्थापन बिभागले जनाएको छ ।जापान मौसम विज्ञान बिभाग (जेएमए) ले जीवन जोखिममा पार्ने सल्लाह दिँदै इशिकावाका लागि उच्च-स्तरको चेतावनी जारी गरेको छ ।प्रधानमन्त्री फुमियो किशिदाले सरकारलाई प्राथमिकताका साथ जनताको जीवन बचाई विपद् व्यवस्थापन गर्न निर्देशन दिनुभएको छ।

# भालुबाट मौरीघार जोगाउन मुस्किल



जुम्ला । जुम्लाका मौरीपालक किसानका मौरीघारमा भालुले क्षति पुऱ्याउँदा यहाँका किसान चिन्तित बनेका छन् । भालुबाट मौरीलाई बचाउन समस्या भएको चन्दननाथ नगरपालिका-४ का किसान रामकृष्ण बुढ्थापाले बताउनुभयो ।

उहाँले भन्नुभयो, "दुई वर्षका अन्तरमा १३ मौरीका घार भालुले खाइदियो । अहिले एक मात्र घार रहेको छ । घार भालुबाट जोगाउन समस्या भयो । भालु धपाउन अनेकन उपायहरु गरे पनि सकिएको छैन । रातभर मान्छेहरू जाग्राम बस्ने, थाले केही गरेर भालुदेखि घार बचाउन सकिएन । न भालु धपाउन सकियो नत घारको सुरक्षा दिन सकिएको छ । "

जङ्गलको छेउमा मौरीपालन भएकाले चरन क्षेत्रको अभाव थिएन । गाउँ नजिकै मौरीपालन गर्दा चरन क्षेत्र अभावले रोग लाग्ने गरेको मौरीपालक किसान बुढ्थापाले बताउनुभयो । भदौ, असोज र कात्तिक महिना मौरीपालनमा भालु आतङ्क नै हुने गरेको मौरीपालन सहकारी संस्थाका सचिव नारायण चौलागाईंले जानकारी दिनुभयो ।

भालुले मौरीको लार्भा र मह खाइरहेको छ । दुधिलो र मीठो हुने भएकाले मौरी घार खोजीखोजी खाने गरेको यहाँका किसान बताउँछन् । भालुले चन्दननाथ नगरपालिकाको चौरखोला, रडिखल्ला र तलिउम क्षेत्रमा मौरीघार सखाप पारिरहेको छ ।

कनकासुन्दरीको लेकाली क्षेत्र, पातारासीको पेरे, गुठिचौरको कोल्ते क्षेत्रमा मौरीघारमा भालुले धैरै क्षति गरेको मौरीपालन सहकारी संस्थाका सचिव चौलागाईंले बताउनुभयो ।

उहाँले भन्नुभयो, "भालु र रोगले मौरी मासिन थालेपछि किसानले मौरीको दररेट तोक्न दिन माग गर्दै कृषि विकास कार्यालयमा निवेदन दिएका छौं । कार्यालयबाट सुनुवाइ भएको छैन । सरकारले ७५ प्रतिशत अनुदानमा मौरीको बीमा गर्ने व्यवस्था गरेको छ । रासस

# 'एउटै नाउरको सिकार गर्न २३ लाख'

काठमाण्डु । नेपालको एकमात्र 'ढोरपाटन सिकार आरक्ष' पेसेवर विदेशी सिकारीहरूका लागि विश्वमै प्रख्यात छ । यहाँ लिखित अनुमति लिएर तोकिएको समय र क्षेत्रमा नाउर, झारल, रतुवा र बँदेलको सिकार गर्न पाइन्छ ।

यो आरक्ष यिनै वन्यजन्तुको सिकार गर्नका लागि विश्वमै एक प्रमुख गन्तव्यकै रूपमा चिनिएको छ । साहसिक सिकार खेलका लागि यो प्रसिद्ध मानिन्छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले सिकार गर्नका लागि न्यूनतम राजस्व निर्धारण गर्ने गरेको छ । हाल नाउरको रु एक लाख ५० हजार र झारलको रु ७५ हजार न्यूनतम राजस्व तोकिएको छ ।

बोलपत्र बढाबढमा सिकार गर्ने कम्पनीले न्यूनतमभन्दा धैरै मूल्य बोलकबोल गर्ने गरेको आरक्ष कार्यालयका वरिष्ठ संरक्षण अधिकृत वीरेन्द्रप्रसाद कँडेलले बताउनुभयो । गत वर्षको 'सिजन'मा बोलपत्र बढाबढमा अधिकतम एक नाउरको सिकार गर्न रु २३ लाखसम्म कबोल गरिएको उहाँले जानकारी दिनुभयो । त्यस्तै, झारलको हालसम्म सबैभन्दा बढी गत वर्ष अधिकतम रु १८ लाख बोलकबोल गरिएको विभागको तथ्याङ्क छ । आरक्षमा घारल र थार भए पनि साइटिसको अनुसूचीमा समावेश भएका कारण ती वन्यजन्तुको सिकार खेल्ने अनुमति दिने गरिएको छैन ।

सिकार गर्नका लागि सिकारीलाई १४ देखि २१ दिनसम्मको समय दिइन्छ । सिकारीले अनुमति प्राप्त बन्दुक आफ्नो देशबाट ल्याउने र त्यसैले सिकार गर्ने गर्छन् । सिकारीका लागि सो अवधिमा २५ देखि ३० जना सहयोगी टोली खटिन्छ । हेलिकप्टरबाट गन्तव्यमा जानुपर्ने, दुई दर्जन बढी व्यक्तिको सहयोगी समूह आवश्यक पर्ने र निकै दुर्गम भएकाले यहाँ सिकार गर्न निकै खर्चिलो हुने गरेको छ ।नाउरको तौल औसतमा ७० केजीभन्दा बढी हुने गरेको छ । सिकारीले सिकार गरेपछि वन्यजन्तुको आखेटोपहार (सिङ, छाला र खुर) कानुनी रूपमा व्यवस्थित तवरले आफूसँगै लैजान्छन् ।



सिकार गरिएको वन्यजन्तुको मासु जङ्गलमा समूहमै खाने र अन्य फोहर गाड्ने गरिन्छ ।

वरिष्ठ संरक्षण अधिकृत कँडेलले भन्नुभयो, "आरक्षलाई सुनदह, सेङ, दोगाडी, बार्से, फागुने, सुर्तिबाङ र घुस्तुङ गरी सात ब्लकमा विभाजन गरेर सिकार खेल्न दिने व्यवस्था मिलाइएको छ । यसबाट मुलुकले विदेशी मुद्रा आर्जन गर्न पाएको छभने स्थानीयस्तरमा पर्यटनको विकास भएको छ ।" आरक्षमा हाल चरिचरनको गुणस्तर खस्कँदो, अतिक्रमण, चोरी-सिकारी, काठ दाउराको मागमा वृद्धि, डढेलो, अध्ययन-अनुसन्धानको कमी, कठिन मौसम, जलवायु परिवर्तनका असरलगायत चुनौती देखिएका छन् ।

**नाउरको संख्या एक हजार २९० र झारलको संख्या ७४४**

यी वन्यजन्तुको सिकार खेल्न दिनका लागि प्रत्येक पाँच वर्षमा गणना गरिन्छ । सन् २०२१ मा गणनाअनुसार नाउरको संख्या एक हजार २९० र झारलको संख्या ७४४ रहेको छ । गणनापछि वैज्ञानिक तरिकाले निश्चित संख्यामा निर्धारण गरिन्छ । यो वर्ष पहिलो सिजनका लागि २४ नाउर र १६ झारलको सिकार गर्न कोटा निर्धारण गरिएको छ ।आरक्षमा दुई सिजनमा सिकार खेलाइन्छ । पहिलो सिजन असोज-कात्तिक र दोस्रो सिजन चैत-वैशाखसम्म हुने गर्छ । यहाँ बुढो उमेरको भालेको मात्र सिकार गर्ने गरिन्छ । करिब १२ वर्षभन्दा बुढो उमेरका भालेको आकलन गरी टेलिस्कोपबाट हेरेर पहिचान निश्चित गरिन्छ ।

निकुञ्ज विभागका सूचना अधिकारी एवं वरिष्ठ इकोलोजिष्ट श्यामकुमार साहले सिकार गरिने मुख्य वन्यजन्तु नाउर र झारलको गणना तथा अनुगमन गरी वार्षिक कोटा निर्धारण गरी प्रतिस्पर्धाका आधारमा सिकार गराउने गरेको बताउनुभयो । "यसरी सिकार गर्न दिँदा कुनै जनावर अत्यन्त न्यून वा सखापै हुने अवस्था रहँदैन । साथै जनावरको संख्या अत्यधिक बढेर आफ्नै बासस्थानलाई नोक्सान पुऱ्याउने वा स्थानीय बालीनालीलाई अत्यधिक क्षति पुऱ्याउने परिस्थिति पनि उत्पन्न हुँदैन", उहाँले भन्नुभयो ।

विसं २०४४ मा स्थापना भएको यस आरक्षको क्षेत्रफल एक हजार ३२५ वर्ग किमी रहेको छ । रुकुम पूर्व, बाग्लुङ र म्याग्दीका केही भागमा आरक्ष फैलिएको छ । यस आरक्षमा ३२ प्रजातिका स्तनधारी जनावर पाइन्छन् । प्रमुख जनावर नाउर, झारल, थार र हिमाली भालु हुन् । यहाँ दुर्लभ एवं संरक्षित पन्छीको सूचीमा परेका डाँफे, मुनाल, चिरलगायत १६४ प्रजातिका चराहरू पाइन्छन् । वन्यजन्तुको सदुपयोगका साथै संरक्षण होस् भन्ने हेतुले यस क्षेत्रलाई सिकार आरक्ष बनाइएको हो ।


**गत आवमा सिकारबाट चार करोड २६ लाख बढी आम्दानी**

अघिल्लो आवमा यहाँ १९ वटा नाउर र ११ वटा झारलको सिकार अनुमति दिइएको थियो । यसबाट कुल रु चार करोड २६ लाख ८८ हजार ७०० राजस्व आम्दानी भएको थियो । विभागले यस वर्षको पहिलो सिजनका लागि आरक्षमा नाउर, झारल र बँदेलको प्रतिस्पर्धाबाट सिकार गराउन गत भदौ १९ गते १५ दिने सूचना जारी गरी सिलबन्दी दरभाउ पत्र आह्वान गरेको थियो ।

सिकार कम्पनीहरूले वन्यजन्तु संरक्षणमा टेवा पुगोस् भन्ने उद्देश्यले प्रति नाउर र झारलको सिकार गरेबापत केही रकम स्थानीय समुदायलाई समेत दिने गरेका छन् । आरक्षमा सिकार खेलाउने पेसेवर सिकार कम्पनीहरूमा नेपाल वाइल्डलाइफ एडभेन्चर, हिमालयन सफारिज, ट्र्याक्स एन ट्रेल्स, नेपाल वाइल्डलाइफ सफारी, ग्लोबल सफारिज नेपाल, ओपन नेपाल वाइल्डलाइफ सफारी एन्ड ट्रेकलगायत रहेका छन् ।

हिमालयन सफारिजका सञ्चालक महेश बस्नेतले आरक्षमा सिकार कोटा सीमित भएकाले नयाँ गन्तव्य वृद्धि, चोरी-सिकारी नियन्त्रण, स्थानीयमा जनचेतना जगाई अपनत्व बढाउने, गणनामा स्थानीयको सहभागिता वृद्धि, अनुगमनका लागि सरकारी जनशक्ति खटाउने र आवश्यक पूर्वाधार बनाउनुपर्नेलगायत सुझाव दिनुभयो ।कम्पनीहरूले प्रतिसिकारी पर्यटकबाट ३० देखि ३५ हजार अमेरिकी डलर लिएर सिकार खेलाउने गरेको जनाइएको छ । सिकार खेल्न आउने विदेशीमध्ये सबैभन्दा बढी संयुक्त राज्य अमेरिका, मेक्सिको, फ्रान्स, स्पेन, रसिया, हङ्गेरी, युक्रेन, क्यानडा, जर्मनीलगायत मुलुकका रहेका छन् ।रासस

# मुक्तिनाथमा दर्शनार्थीको घुइँचो



गण्डकी । प्रसिद्ध तीर्थस्थल मुक्तिनाथमा केही दिनयता चहलपहल बढ्दै गएको छ । विशेषतः प्रत्येक वर्षको पितृ पक्ष (सोह्र श्राद्ध)का समयमा नेपालका विभिन्न स्थानका साथै भारतबाट यहाँ दर्शनार्थी आउने गर्दछन् ।

यस वर्ष सोह्र श्राद्ध सुरु भएयता मुक्तिनाथमा आउने दर्शनार्थीको संख्यामा बृद्धि भएको मन्दिरका पूजारी कृष्णप्रसाद सुवेदीले जानकारी दिनुभयो । "सोह्र श्राद्ध सुरु भए यता देशका विभिन्न स्थानबाट आउने दर्शनार्थीहरू बढ्दै गएका छन्", उहाँले भन्नुभयो, "पितृ पक्ष अवधिभर नै यहाँ दर्शनार्थी आउने गर्दछन् ।"

मुस्ताङ आएका दर्शनार्थी कागबेनीमा श्राद्ध गरी मुक्तिनाथको दर्शन गरेमा पितृ मोक्ष हुने र भावी सन्ततिलाई सुख, समृद्धि हासिल हुने विश्वास रहीआएको मन्दिरका पूजारी कृष्णप्रसाद सुवेदीले बताउनुभयो । प्रत्येक वर्ष सोह्र श्राद्धका समयमा देशका विभिन्न स्थानबाट दर्शनार्थी मुक्तिनाथ आउने गरेको उहाँले बताउँदै उहाँले यहाँ आएर कागवेनी श्राद्ध गरी मुक्तिनाथ भगवान्को दर्शन गरेमा पितृले मोक्ष प्राप्त गरी भावी सन्ततिलाई सुख, शान्ति र समृद्धि हुने विश्वास रहेको बताउनुभयो ।मन्दिरमा आइसकेपछि दर्शनार्थीले यहाँका एक सय आठ धारामा स्नान गरी पूजाआजा गर्दछन् । एक सय आठ धाराको पानीलाई घरघरमा तीर्थ जलका रुपमा लैजाने प्रचलन छ । प्रकृति र संस्कृतिको अनुपम गन्तव्य मुक्तिनाथ धार्मिक दृष्टिका साथै पर्यटकीय रुपमा पनि उत्तिकै महत्वपूर्ण छ ।

हिन्दू तथा बौद्ध धर्मावलम्बीको आस्थाको सङ्गमस्थल मुक्तिनाथलाई भगवान् विष्णुले तपस्या गरेको पुण्यभूमिका रुपमा लिइन्छ । तपस्याका क्रममा विष्णुको शरीरबाट आएको पसिनाबाट पानीको मूल फुटेको र सोही पानीको एक सय आठ धारा यहाँ रहेको प्राचीन किंवदन्ती छ । समुद्री सतहबाट तीन हजार सात सय १० मिटर उचाइमा रहेको मन्दिर परिसरका धारामा बाह्रै मास पानी आइरहनुलाई धार्मिक महत्वका रुपमा हेरिन्छ ।

पछिल्ला समयमा पर्यटकको बढ्दो चापलाई लक्षित गरी मुक्तिनाथको प्रवेशद्वार रानीपौवा र आसपासका क्षेत्रमा पर्यटक लक्षित पूर्वाधारका साथै सुविधा सम्पन्न होटल बन्नेक्रम बढिरहेको होटल व्यवसायी जयेश गुरुङले बताउनुभयो । उहाँका अनुसार अहिले रानीपौवा क्षेत्रमा साना तथा ठूला गरी ३२ होटेलले सेवा दिइरहेका छन् ।

सामान्यदेखि राम्रो अत्याधुनिक सेवा सुविधा भएका होटेलका कारण यहाँ आउने पर्यटकलाई समस्या नहुने उहाँले बताउनुभयो । साढे चार चार दशक अघिसम्म मुक्तिनाथको दर्शन गर्न जाने तीर्थालु आसपासका भेडी, गोठ तथा रानीपौवास्थित धर्मशालामा बस्नुपर्दथ्यो । ठाउँठाउँबाट आएका तीर्थयात्रीले त्यहाँको रानीपौवा धर्मशाला खचाखच भरिन्थ्यो । त्यस समयमा खानेकुराका साथै ओढ्ने ओछ्याउने सामग्री पनि आफैँ घरबाट लिएर जानुपर्ने बाध्यता रहेको तनहुँको शुक्लागण्डकी नगरपालिका वडा नं ९ का स्थानीय उमादेवी भट्टराईले अनुभव सुनाउनुभयो । पछिल्ला वर्षमा बन्दै गएका सुविधा सम्पन्न होटेलले उक्त बाध्यताको अन्त्य गरिदिएको छ ।

यहाँस्थित रानीपौवा यहाँको ऐतिहासिकताको ज्वलन्त उदाहरण पनि हो । तत्कालीन समयमा रणबहादुर शाहकी रानी सुवर्णप्रभा विसं १८६३ मा मुक्तिनाथ दर्शनका लागि पुगेछन् । रानी सुवर्णप्रभासँग मुक्तिनाथका स्वामी महाराजले दर्शनार्थीलाई तीर्थयात्राका क्रममा बास बस्न समस्या परेको अनुरोध गरेछन् । सोही अनुरोधकै आधारमा सुवर्णप्रभाको निर्देशनमा मुक्तिनाथ मन्दिर प्रवेशको मुख्यद्वार यही रानीपौवामा धर्मशाला निर्माण गरिएको हो । स्थानीयवासीका अनुसार तत्कालीन समयमा यहाँ धर्मशाला निर्माण गर्दा कुष्मा अर्मादीका काठ प्रयोग गरिएको हो ।

रानीले बनाइदिएको धर्मशाला भएकाले तत्कालीन समयदेखि नै यो ठाउँको नाम रानीपौवा रहन गएको हो । तत्कालीन समयदेखि नै यो धर्मशाला मुक्तिनाथमा आउने तीर्थयात्रीलाई खान तथा बास बस्न सहज भएको स्थानीयवासी बताउँछन् ।मुस्ताङमा मुक्तिनाथ मन्दिरसँगै यहाँको विविधता र हिमाली जीवन अवलोकन गर्न स्वदेशी एवं विदेशी पर्यटक आउने गरेको जनप्रीय युवा क्लब ठिनी मुस्ताङका उपाध्यक्ष निरज थकालीले बताउनुभयो ।

मुस्ताङमा सुविधा सम्पन्न होटेलसँगै ठाउँठाउँमा घरवास सुविधा पनि उपलब्ध भएको जानकारी दिदै उहाँले केही दिन यता ठिनीस्थित थकाली सामुदायिक होमस्टे पर्यटकले भरिभराउ हुने गरेको बताउनुभयो ।हिमाली संस्कार र संस्कृतिलाई नजिकबाट नियाल्न सक्ने गरी होमस्टेले पर्यटकलाई लोभ्याइरहेको बताउँदै उहाँले परम्परागत हिमाली संस्कृतिमा आधारित घरसँगै यहाँ नजिकै रहेको हिमचितुवा गुफाले पर्यटकलाई लोभ्याइरहेको जानकारी दिनुभयो । स्थानीयले हिमाली संस्कृतिलाई जीवन्त राख्ने उद्देश्यका साथ थकाली सङ्ग्रहालय पनि सञ्चालनमा ल्याएका छन् ।

ठिनीको पर्यटनसँग हिमचितुवा गुफालाई जोड्ने प्रयास गरिएको बताउँदै उहाँले यसको पूर्वाधार व्यवस्थापनका लागि गण्डकी प्रदेश सरकारबाट यस आर्थिक वर्षमा २० लाख रुपैयाँ विनियोजन भएको बताउनुभयो ।"सोह्र श्राद्धका कारण मुक्तिनाथ आउने पर्यटकसँगै यस क्षेत्रको अवलोकनका लागि उपयुक्त समय भएका कारण मुस्ताङभित्रने पर्यटकको संख्या बढ्दो क्रममा छ", उहाँले भन्नुभयो, "यही असोज १ गते बाट स्याउ टिप्न पनि खुला भएकाले यहाँ आएका पर्यटकले स्याउ कोशेलीका रुपमा लैजान सक्नेछन् ।"रासस

# उत्पादन बढेपछि आठ स्थनीय तहमा 'अलैँची जोन'

गलकोट । जिल्लाका आठ स्थानीय तहलाई समेटेर ' अलैँची जोन' बनाउन सुरु गरिएको छ । चालु आर्थिक वर्षमा जोन स्थापनाका लागि प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना बागलुङले तथ्याङ्क सङ्कलन गर्न थालेको हो ।

साविकमा भएका ११ अलैँची पकेट र दुई अलैँची ब्लकलाई स्तरवृद्धि गरेर अलैँची जोन स्थापना गर्न सर्वेक्षण थालिएको हो । जिल्लामा अलैँचीको सम्भावना बढी भएकाले यहाँका किसानले ब्लक र पकेटमार्फत उत्पादन गरिरहेका परियोजनाका प्रमुख नारायण पौडेलले जानकारी दिनुभयो । ब्लक जानकारी दिनुभयो ।

"साविकका ब्लक र पकेटलाई स्तरवृद्धि गर्दै नयाँ क्षेत्र विस्तार गर्नका लागि बागलुङमा तीन सय हेक्टरमा अलैँची जोन बनाउन थालिएको छ, क्षेत्रलाई बढाएर पाँच सय हेक्टर पुऱ्याउन पर्वतको केही क्षेत्र समेत विस्तार गर्न आवश्यक छ", पौडेलले भन्नुभयो, "जोनले पुरानो अलैँची बगैँचा व्यवस्थित गर्ने, बिरुवा उत्पादन गर्ने र नयाँ क्षेत्र विस्तार गर्नेदेखि सिँचाइ सुविधा र उपकरण वितरण गर्नेछ ।"

अलैँचीको उत्पादन र बजारीकरणको अवस्था विस्तारै सुधार हुँदै गएकाले आलु जोन, बाख्रा जोनसँगै अलैँची



र पकेटलाई स्तरोन्नति गरी जोनमार्फत उत्पादन वृद्धि गर्ने उद्देश्यले सर्वेक्षण थालिएको उहाँले बताउनुभयो ।

पकेट र ब्लक बाहेकका किसानले पछिल्लो समय अलैँची उत्पादन गर्न थालेको पाएपछि जोन स्थापनाको पहल थालिएको पौडेलले उल्लेख गर्नुभयो । बागलुङका १० मध्ये आठ स्थानीय तहका केही वडालाई समेटेर तीन हजार हेक्टर क्षेत्रमा अलैँची खेती पुऱ्याउने उद्देश्य राखिएको उहाँले जानकारी दिनुभयो । चालु आर्थिक वर्षमा अलैँची जोन स्थापनाका लागि रु एक करोड दुई लाख बजेटसमेत विनियोजन भएको छ ।

जिल्लाको ताराखोला, काठेखोला, बरेङ र बडिगाड तथा जैमिनी र गलकोट नगरपालिकाका साथै निसिखोला गाउँपालिका र बागलुङ नगरपालिकाका केही वडालाई समेटेर जोन स्थापना गरिने परियोजनाका प्रमुख पौडेलले बताउनुभयो । जिल्लाको ढोरपाटन नगरपालिका र तमानखोला गाउँपालिका बाहेकका आठ स्थानीय तहका ३० वडामा यो कार्यक्रम लागू गर्ने तयारी भइरहेको उहाँले जोन स्थापना गर्न लागिएको परियोजना कार्यालयले जनाएको छ । हाल जिल्लामा ४० मेट्रिक टन अलैँची उत्पादन भइरहेकामा उत्पादितमध्ये अधिकांश भारत निर्यात हुने गरेको छ । अलैँचीको बजार मूल्य भने एकनासको नभएको किसान बताउँछन् । अलैँचीमा डढेलो रोगको सङ्क्रमण बढिरहेको समयमा जोन कार्यक्रमले सहजता हुने ताराखोलाका अलैँची किसान कुलबहादुर घर्तीमगरले बताउनुभयो । उहाँले अहिले ११ रोपनी जग्गामा अलैँचीखेती गरिरहेको जानकारी दिनुभयो ।

भारतीय व्यापारी अलैँची खरिद गर्न गाउँ आउने गरेका छन् । व्यापारीले प्रतिकेजी न्यूनतम रु एक हजार पाँच सयदेखि रु दुई हजार पाँच सयमा सुकेको अलैँची खरिद गरेर लैजाने गरेका किसान बताउँछन् । अलैँची पर्याप्त उत्पादन गर्न सके बजारको चिन्ता नरहेको किसानको भनाइ छ । अलैँचीको समस्या निराकरण गर्ने, बगैँचा विस्तार गर्ने, सिँचाइको व्यवस्था मिलाउने, दाना सुकाउन आधुनिक भट्टी निर्माणलगायत काम गर्ने लक्ष्य परियोजनाले राखेको छ । रासस


## धितो लिलामी गर्ने बारे १५ दिने अत्यन्त जरूरी सूचना

**(प्रकाशित मिति २०८१/०६/०६ गते)**

तपशिलमा उल्लेखित ऋणी संस्थाले लाहान शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्धारा ताकेता गर्दा साथै मिति २०८०/१२/२८ गते राजधानी राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सुचना, मिति २०८१/०३/२८ गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पती लिलाम बिक्री गर्ने बारे ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्वन्धि १५ दिने सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा सहकारी ऐन २०७४, बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सवैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गराईन्छ ।

**ऋणी संस्थाको नाम : श्री जय हनुमान बहुमुखी सहकारी संस्था लिमिटेड ।**
**रजिष्टर्ड ठेगाना : मिर्चैया,सिरहा ।** **दर्ता नंः- ०२/७५(४८)०५२-०५३**

**संचालक तथा जमानीकर्ताको विवरण**

| | | |
|---|---|---|
| **१) नाम : राम प्रताप साह (अध्यक्ष जमानीकर्ता)**<br>बाबु : सत्य देव साह<br>बाजे : सरजुग साह<br>ना प्र नं. :४३०/१३७६<br>ठेगाना : सितापुर-८,सिराहा | **२) नाम : राज कुमार मण्डल (उपाध्यक्ष जमानीकर्ता)**<br>बाबु : सुखेश्वर मण्डल<br>बाजे : मोहित मण्डल<br>ना.प्र.नं :१०३<br>ठेगाना : मिर्चैया-३,सिराहा | **३) नाम : राम एकवाल नायक (सचिव जमानीकर्ता)**<br>बाबु : राम जतन साह<br>बाजे : मिश्री साहु<br>ना.प्र.नं : १८९<br>ठेगाना : मलहनिया खोरी-५,सिराहा |
| **४) नाम : सुजित कुमार साह (कोषध्यक्ष जमानीकर्ता)**<br>बाबु : राम भरोस साह<br>बाजे : सत्यदेव साह<br>ना.प्र.नं :१११४<br>ठेगाना :सितापुर-८,सिराहा | **५) नाम : किशोरी यादब (सदस्य जमानीकर्ता)**<br>बाबु : सिताई यादब<br>बाजे : बच्चा यादब<br>ना.प्र.नं :४२९/१३७५<br>ठेगाना : सितापुर-७,सिरहा | **६) नाम : रामपुकार कामती (संचालक जमानीकर्ता)**<br>बाबु : ब्रहमदेब कामैत<br>बाजे : दुखी कामैत<br>ना.प्र.नं :७१९<br>ठेगाना : चन्द्रोदयपुर ९,सिरहा |
| **७) नाम : लक्ष्मण कुमार मण्डल (संचालक जमानीकर्ता)**<br>बाबु : विकु मण्डल<br>बाजे : अजव मण्डल<br>ना.प्र.नं : ११८३०/१८२३<br>ठेगाना : रामनगर मिर्चैया ३ | **८) नाम : बिकाश कुमार महतो (धितोकर्ता)**<br>बाबु : कृष्ण कुमार महतो<br>बाजे : राम रतन साह<br>ना प्र नं. : ७७४१३५३८<br>ठेगाना : मल्हनियाखोरी ६, मिर्चैया | |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

श्री राम रतन साहको नाति श्री कृष्ण कुमार महतोको छोरा सिरहा जिल्ला मल्हनियाखोरी ६ बस्ने श्री विकाश कुमार महतो को नाममा मालपोत कार्यालय सिरहामा दर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला मल्हनियाखोरी वडा नं. ३क को कित्ता नं.५१८ को क्षेत्रफल ०-५-८ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरुः**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालय लाहानबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।
(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।
(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी वैंक लिमिटेडको नाममा Kumari Bank LTD पुतलीसडक, काठमाण्डौं रहेको खाता नं.००१०००१४८६६००००१ मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।
(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै लाहान शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले ब्यहोर्नु पर्नेछ ।
(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।
(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।
(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।
(१०) लिलाम सूचना प्रकाशित मितिले १५ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्बजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिनमा बैंकको शाखा कार्यालय लाहानमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ । बोलपत्र पेश गर्ने सकिने अन्तिम दिनको कार्यालय समयभित्र सम्वन्धित ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सकिने छ ।
(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।
(१२) सुरक्षणमा रहेको धित्तो आंशिक रुपमा पनि लिलाम गर्न सकिने छ ।
(१३) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालयः पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web: www.ncbl.coop

# विद्युत आपूर्तिको समस्यादेखि दशैं मेला व्यवस्थापनका लागि छलफल

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकामाकेहीदिनदेखि विद्युत् आपूर्तिको समस्या हुन थालेपछि जनगुनासो बढेको छ ।

जनगुनासो बढ्न थालेपछि विद्युत आपूर्तिको समस्या तत्काल समाधान गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन् ।

जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साहले अत्यधिक गर्मीको प्रकोपको बेला घण्टौंसम्म विद्युत् सेवा अवरुद्ध हुनु दुर्भाग्यपूर्ण रहेको बताउँदै ट्रान्सफरमर बिग्रेको बहानामा उपभोक्तालाई दुःख दिन नपाइने बताए । प्रत्येक वर्ष आयोजना हुने माँ राजदेवी, बौधिमाइ तथा अन्नपूर्णमाइको पूजा व्यवस्थापनबारे शनिबार जनकपुरधाममा सम्पन्न सर्वपक्षीय बैठकमा प्रमुख साहले एउटा होइन दुइटा ट्रान्सफर जडान गर्नु परे गरेर विद्युत्को समस्या समाधान गर्नुपर्ने धारणा राखेका थिए ।

यता ढल्केबर जनकपुरधाम मेनलाइनको ट्रान्सफर बिग्रेको भन्दै महिना दिन अघिदेखि नै नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र जनकपुरधामले चरम लापरबाही गर्दै आएको बताउँदै उनले समस्याको समाधान चाडपर्वअघि नै गर्न आग्रह गरे ।

सो बैठकमा जनकपुरधाम उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष सुरेन्द्र भण्डारीले विद्युतको अनियमितता र पटक-पटक लाइन काटिनुले उद्योगी व्यवसायीमा आक्रोश बढ्दै गएको समस्या आउने दिनमा प्राधिकरणकै लागि ठूलो समस्या बन्ने बताए ।

सो बैठकमा मेलामा देखिने गरेको पकेटमारी तथा चोरीको समस्यालाई निराकरण गर्नका लागि सादा पोसाकमा व्यापक प्रहरी परिचालन गरिने र स्वयंसेवकको सहकार्यमा सुरक्षा निकायले इमान्दारीपूर्वक काम गर्ने प्रतिबद्धता जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख भुवनेश्वर तिवारीले व्यक्त गरे ।

सो बैठकमा भारी संख्यामा बोकाबली चढाउने र सप्तमीको दिन श्रद्धालु भक्तजनको भीडलाई व्यवस्थित पार्नका लागि विभिन्न उपसमिति निर्माण गरी काम गर्न सबै पक्षले सहकार्य गर्ने निर्णय गरेको छ ।

दशैं तिहारमा लाग्ने मेलाको आयोजना गर्दै आएका राम युवा कमिटी तथा महावीर युवा कमिटीको संयुक्त रुपमा सम्पन्न बैठकमा जनकपुरधाम उपमहानगरपालिकाका पूर्वमेयर लालकिशोर साह, सशस्त्र प्रहरी धनुषाका प्रहरी नायव उपरीक्षक सुमन बोगटी, राम तथा महावीर युवा कमिटीका निवर्तमान एवम् भूपू पदाधिकारीसहितका सरोकारवालाको उल्लेख्य सहभागिता रहेको थियो ।

# सखी बहिनपाद्वारा जितिया महोत्सव

**टुडे समाचारदाता**

जनकपुरधाम । लोकपर्व जितिया पर्वलाई धार्मिक अनुष्ठान र सांस्कृतिक पर्वका रुपमा सीमित नराखी विशिष्ट उत्सवका रुपमा मनाउने सन्दर्भमा सखी बहिनपा मैथिलानी समूह जनकपुरधामले नोचा ठाकुर पोखरीको डिलमा जितिया पर्वको पूर्वसन्ध्यामा मिथिला संस्कृति झल्काउँदै उत्सव मनाएको छ ।




सो समूहले गत वर्ष जनकपुरधामको गंगासागरमा गरेको जितिया उत्सवको मौलिकपनले निकै चर्चा पाएको थियो । मातृत्वप्रतिको सम्मानको प्रतीक मानिएको जितिया पर्वद्वारा आमाको सन्तानप्रतिको ममत्वको प्रदर्शनले सांस्कृतिक भूमिका र महत्वलाई उजागर गरिएको थियो ।

महिलावर्गद्वारा गरिने जितिया पर्वमा कुनै शास्त्रीय देवताका नभइ लोकदेवता जीमुतवाहनको पूजा गरिन्छ । जितिया व्रत गर्नाले सन्तानको दीर्घायु , आरोग्य रहनुका साथै खासगरी कुनै आकस्मिक खतराबाट रक्षा हुने धार्मिक विश्वास रहेको छ ।

जितियालाई जीवितपुत्रिका व्रत वा जीमूतवाहन व्रत पनि भनिन्छ । अत्यन्त नियम निष्ठापूर्वक कठोर उपवासका साथ आमाहरुले जितिया पर्व मनाउने परम्परा रहेको छ । भगवान जीमूतवाहनले सन्तानको रक्षा एवं कल्याण गर्छन भन्ने मान्यताका साथ यो पर्व मनाइन्छ ।

पर्वले रत्नगर्भी धर्तीमा कर्मका महादेवहरुले श्रम सिंचन गरी फलाएका सबै कुरा प्रसादमय हुन्छन् भन्ने सन्देश र पूजा गरिने वस्तुहरुमा सर्वथा फरक किसिमका सामग्री घिरौंलाको पात, फूल, तोरीको तेल, खरी आदि प्रयोग गरिएको थियो ।

प्रकृति र पर्यावरणका विविध पक्षसंग गहिरो साइनोको निरन्तरताको प्रतीक रहेको जितिया पर्वले वनस्पतिक सम्पदाको संरक्षण तथा टेवालाई बल पुऱ्याइ रहेको छ । नरिवल , काँक्रा , केराउ, केरा, केराको पात , बाँसको पात, पान पूजा सामग्रीका रुपमा प्रयोगले यसको पुष्टी भएको छ । माटाका स्याल चिल बनाइ पूजाले पनि यसको विशिष्टतालाई उजागर गर्दछ । यी वस्तु, सामग्रीबारे शास्त्रीय पक्ष उल्लेख नभए पनि स्थान, क्षेत्र, परिवेशका उत्पादन तथा साधनहरुलाई उपयोग गरी समुचित स्थान तथा सम्मान दिएको छ ।

लोककल्याणका यावत पक्षहरुलाई सांस्कृतिक आवरणका संरक्षण दिँदै समाजका हरेक जातिले यो पर्व मनाउने गर्दछन् । जितिया पर्व मातृत्व पक्षप्रति सम्मान गर्ने सांस्कृतिक परिपाटी हो । आफ्ना दिवंगत सासुका साथै दिवंगत आमा तथा अन्य पूज्य महिलाप्रति श्रद्धास्वरुप पितराइन खुवाउने गरिन्छ । पर्वले मानवीयता, समानता, प्रकृति, पर्यावरण आदिलाई संरक्षण एवं प्रवर्द्धन गर्न गतिलो माध्यम रहेको छ ।

जितिया पितृ पक्ष अन्तर्गत पर्दछ । पितृ पक्षमा पुरुषवर्गले आफ्ना दिवंगत पितृहरुलाई पक्षभर नै तर्पण दिने गर्दछन् । महिलावर्गले भने जितिया व्रतमा दिवंगता महिलालाई नैवेद्य अर्पण गर्ने गर्दछन् ।

सखी बहिनपा समूहद्वारा यही भावभूमिमा नोचा ठाकुर पोखरीमा पर्वका अनुष्ठानका पक्षहरु कलश स्थापना, विधि व्यवहार, कथा वाचन, पारम्परिक गीतनाद, संगीतसहित पर्वका संस्कृति झल्काउँदै गत वर्षभैं यस वर्ष पनि मौलिकता, विशिष्टता र लोकमान्यतालाई जीवन्तता प्रदान गरिएको थियो ।

सो उत्सवमा मिथिला, सभ्यता, संस्कृतिमूलक सामूहिक गीतनाद प्रस्तुत गरी उत्सवमा उत्साह थपेका थिए ।

सखी इन्दिरा झाको अध्यक्षतामा सम्पन्न उत्सवमा पुनम झा मैथिलद्वारा कार्यक्रम संचालन सुनिता मिश्र, बिन्दु ठाकुर, भारती चौधरी, आरती चोधरी, पुनम मिश्रले उत्सवको व्यवस्थापनदेखि सांस्कृतिक विशिष्टतालाई उजागर गर्नेमा उल्लेख्य दायित्व निर्वाह गरेकी थिइन् भने कलाकार रुवी पाठकले माटाका चिल र स्याल बनाएकी थिइन् ।

सो उत्सवमा सविता झाले जितिया महत्व सम्बन्धी कथा वाचन गरेकी थिइन् भने गोसाउनी गीत, बटगबनी र सखी बहिना गीत सामूहिक रुपमा प्रस्तुत गरिएको थियो ।

यस अघि गंगासागर घाटमा विधि विधानपूर्वक जितियाको पूजनका सामग्रीसहित सांस्कृतिक पक्षलाई झल्काइएको थियो ।

सो अवसरमा जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साहको समेत उपस्थिति रहेको थियो ।

# तीस हजार महिला सशक्तिकरण अभियानमा सहभागी

**टुडे समाचारदाता**

राजविराज । कष्टकर जिवन बिताइरहेकी एकल महिलाहरुलाई संगठित गरी उनीहरुको आर्थिक, सामाजिक र सांस्कृतिक पक्ष मजबुत बनाउन यहाँ सशक्तिकरण अभियान थालिएको छ ।




एकल महिला आत्मनिर्भरता तथा पुनर्स्थापना केन्द्र सप्तरीले यस्तो अभियान चलाएको छ । एकल महिलालाई संगठित गरी सशक्तिकरणको क्षेत्रमा प्रशिक्षण र विभिन्न खाले सीपमुलक तालिम प्रदान गर्ने अभियान अहिले गाउँ गाउँमा पुग्न थालेको छ ।

यसैक्रममा शनिबार सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाको १४ वटै वडामा गठित एकल महिला वडा समितिको नवनियुक्त पदाधिकारीहरुलाई प्रमाणपत्रसहित सम्मान गरिएको छ ।

हनुमाननगर कंकालिनी नगरपालिकामा मात्रै ९ सय २ एकल महिला रहेको एकल महिला आत्मनिर्भरता तथा पुर्नस्थापना केन्द्र सप्तरीकी प्रमुख जुही ठाकुरले जानकारी दिइन् । नवगठित वडा समितिले जिल्लास्थित पुर्नस्थापना केन्द्रको समन्वयमा आ-आफ्नो वडामा एकल महिला शसक्तिकरणका विभिन्न गतिविधि संचालन गर्ने उनले जानकारी दिइन् ।

सो क्रममा प्रमणपत्र वितरण, पदभार ग्रहण तथा सम्मान कार्यक्रमको प्रमुख अतिथि बनाइएका १ सय ५ वर्षीया एकल महिला किसनीदेवी साहले यस्ता अभियानले कमाई गर्ने श्रीमान बितेपछि कष्टकर जिवन बिताउन बाध्य एकल महिलालाई ठूलो बल मिल्ने विश्वास व्यक्त गरिन् ।

सो अवसरमा उनलाई केन्द्रको तर्फबाट दोसल्ला तथा कदरपत्रबाट सम्मान गरिएको थियो । संस्थाकी सचिव रेखा मण्डलले अभियान अन्तरगत वडा वडामा पुगि एकल महिलालाई संगठित बनाउने, त्यसैबाट नेतृत्व निर्माण गर्ने र त्यसपश्चात् स्थानीयको आवश्यकता अनुसारको सीपमूलक तालिम र प्रशिक्षण प्रदान गरिने बताइन् । केन्द्रकी प्रमुख ठाकुरले अभियानको दोश्रो चरण सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाबाट सुरु हुने जानकारी दिइन् । हनुमाननगर कंकालिनी नगरपालिकाबाट सुरु भएको अभियान क्रमशः जिल्लाको १८ वटै पालिकामा पुऱ्याउने लक्ष्य रहेको उनले बताइन् ।

सो कार्यक्रममा उत्साहजनक सहभागिता जनाएकी एकल महिलाहरुको एउटै स्वर थियो- "श्रीमानको मृत्युपछि आर्थिक कठिनाई भोगिरहेका हामी जस्ता महिलालाई यस्तो अभियानले हौसला र उर्जा प्रदान गरेको छ ।"

करिब ३० हजारको हाराहारीमा एकल महिला रहेको केन्द्रको तथ्याङ्क छ । सो अवसरमा केन्द्रद्वारा जितिया महोत्सवको आयोजना समेत गरिएको थियो ।

# मधेश प्रदेशको अर्थ समितिको सभापतिमा साह



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश प्रदेशसभामा अर्थ तथा योजना समितिको सभापतिका लागि भएको निर्वाचनबाट जनमत पार्टीकी प्रदेशसभा सदस्य अनिताकुमारी साह निर्वाचित भएकी छन् ।

उनी सभापति पदमा निर्विरोध निर्वाचित भएको प्रदेश सभा सचिवालयले जनाएको छ । यसअघि सो समितिको सभापतिमा सोही पार्टीकै हाल मुख्यमन्त्री रहेका सतीशकुमार सिंह थिए । उनी जेठ २५ गते मुख्यमन्त्री बनेपछि अर्थ तथा योजना समितिको सभापतिको पद रिक्त थियो ।

प्रदेशसभाले असोज २ गते सो समितिको सभापति पदका लागि निर्वाचन तालिका सार्वजनिक गरेको थियो । सोही अनुसार सोही पार्टीकै अनिता साह निर्वाचित भएकी छन् ।


त्यस्तै तेश्रो अधिवेशन अन्त्य समेत भएको मधेश प्रदेश प्रमुखको कार्यालयले जनाएको छ ।

# चुरे तथा वनजंगल संरक्षण अभियानले आज मधेश प्रदेश सरकार घेराउ गर्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । चुरे तथा वनजंगल संरक्षण अभियानले विभिन्न मुद्दाहरु अगाडी सार्दै पुनः आन्दोलनको घोषणा गरेको छ ।

अभियानले शनिबार प्रेस विज्ञप्ती जारी गर्दै तीन दिने आन्दोलनको घोषणा गरेको हो । अभियानका प्रदेश संयोजक अमन यादवले जारी गरेको विज्ञप्तीमा अभियानले पटक पटक तीनवटै सरकार समक्ष राख्दै गरेको माग चुरे वन जंग संरक्षण सम्वर्द्धन,दलित भुमिहीन सुकुम्वासीहरुको भुमि अधिकार र अवैध उत्खन्न,वन अतिक्रमण ,खुल्ला चरिचरण ,सिर्सिया नदी लगायतका नदीहरुको प्रदुषण एवम अतिक्रमण मुक्त बनाउनप्रति कुनै पनि निकाय सकारात्मक नदेखिएको पुनः आन्दोलन गर्न बाध्य भएको उल्लेख छ । अभियानले असोज ६ गते आइतबार मधेश प्रदेश सरकार घेराउ कार्यक्रम,सोमबार मधेश प्रदेश कार्यालयमा ज्ञापनपत्र र मंगलबार राष्टपति चुरे तराई मधेश संरक्षण विकास समिति जनकपुर इकाई घेराउ कार्यक्रमको घोषणा गरको छ । अभियानले कार्यक्रममा कुनै किसीमको अप्रिय घटना घटेमा तीनवटै सरकार स्वयम जिम्मेवार हुने विज्ञप्तीमा उल्लेख गरेको छ । अभियानले राष्टिय संयोजक सुनिल कुमार यादवको अगुवाईमा सप्तरीको भारदह देखि पैदल यात्रा गरेर काठमाण्डौ पुगी माईतीघर मण्डलामा १ सय २ दिन धर्ना प्रर्दशन गरेका थिए भने काठमाण्डौ विभिन्न निकायमा समेत प्रर्दशन गरेका थिए ।


चुरे तथा वनजंगल संरक्षण अभियान, नेपाल
Campaign for Chure and Forest Conservation, Nepal
स्थापित (Estb) : वि.सं. २०७४ (2074 B.S.)

प्रेस विज्ञप्ती

# दुई महिनामा साढे २५ अर्ब राजश्व उठ्यो




**टुडे समाचारदाता**

वीरगञ्ज । चालु आर्थिक वर्षको भदौंसम्म २५ अर्ब ४० करोड ३१ लाख ४३ हजार रुपैयाँ राजश्व संकलन गरेको वीरगञ्ज भन्सार कार्यालयले जनाएको छ ।

भन्सार विभागले भदौसम्म ३५ अर्ब ५७ करोड २७ लाख ५६ हजार रुपैयाँ राजश्व संकलनको लक्ष्य निर्धारण गरेकामा ७१ प्रतिशत लक्ष्य हासिल भएको कार्यालयले जनाएको छ ।

भन्सार कार्यालयका कार्यालय प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले गत वर्षको सोही अवधिको तुलनामा चालु आवमा झण्डै एक अर्बले राजश्व बढेको बताए । गत आवको भदौंसम्म ३५ अर्ब ४४ लाख ४२ हजार राजश्व सङ्कलन गर्ने लक्ष्य लिइएकामा ७० प्रतिशत अर्थात् २४ अर्ब ५७ अर्ब ९२ लाख ५७ हजार राजश्व संकलन भएको थियो ।

प्रशासक लामिछानेका अनुसार सो अवधिमा कार्यालयबाट सबैभन्दा धेरै पेट्रोलियम पदार्थ आयात भएको बताए । उनले भने, "विगतका वर्षमा वीरगञ्ज भन्सार कार्यालय हुँदै पेट्रोलियम पदार्थका सवारीसाधन धेरै आयात हुने गरेकामा यसपटक विद्युतीय सवारीको सङ्ख्या बढेको छ ।"

भन्सार विभागले गत साउनमा १६ अर्ब ८६ करोड ८७ लाख संकलनको लक्ष्य लिए पनि १२ अर्ब १६ करोड ३२ लाख ५८ हजार रुपैयाँ राजश्व संकलन गरेको थियो । कार्यालयले दिएको जानकारी अनुसार गत आर्थिक वर्षको साउनमा १८ अर्ब ७० करोड ४० लाख रुपैयाँ राजश्व संकलनको लक्ष्य लिइएको थियो । तर सो मध्ये १३ अर्ब २३ करोड ९८ लाख रुपैयाँ राजश्व संकलन गरिएको थियो ।

डेंगीबाट बच्ने उपायहरु

- लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्छ ।
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाडाँलाई छोपेर राखौं ।
- लामखुट्टे भगाउने धुप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अँध्यारा कुना-काप्चामा कीटनाशक औषधी छर्किने गरौं ।
- कम्तिमा हप्ताको एकपटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




४ दिन वाकी
मधेश कृषि विश्वविधालय
गुणस्तरीय शिक्षा तथा अत्याधुनिक कक्षा कोठा
आधुनिक प्रविधि तथा नव प्रवर्तन अतिरिक्त क्रियाकलापको व्यवस्था ।
प्रोत्साहन प्रेरणा अनुभवयुक्त संकाय
भर्नाका लागि
www.entrance.mau.edu.np
B.Sc.Ag.(Hons.) को लागि छिटै सिट सुरक्षित गर्नु होस ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८